# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक २४ | काठमाडौं | आइतबार, ३ जेठ २०८३ | Prabhab National Daily | Monday, 17 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |–



**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं ।**


- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मनसुनजन्य विपद्‌बाट दुई लाख २६ हजारभन्दा बढी व्यक्ति प्रभावित हुने अनुमान

- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा देशभर करिब ५१ हजार ८६८ घरपरिवारका दुई लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने आकलन
- एक हजारदेखि चार हजार घरपरिवार प्रत्यक्षरूपमा प्रभावित हुनसक्ने अनुमान
- केही उच्च हिमाली स्थानहरूमा हिमताल विष्फोटन भई तल्लो तटीय क्षेत्रमा बाढी, पहिरो, डुबान, जमिन कटान तथा आकस्मिक बाढीजस्ता मनसुनजन्य विपद्को जोखिम अधिक हुने सम्भावना



■ प्रभाव संवाददाता

**काठमाडौं–** यसपालि मनसुनको समयमा दुई लाख २६ हजारभन्दा बढी नागरिक प्रभावित हुने अनुमान गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले हालै पारित गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा देशभर करिब ५१ हजार ८६८ घरपरिवारका दुई लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने आकलन गरिएको उल्लेख छ।

कार्ययोजनामा भनिएको छ, 'यस वर्षको मनसुनको पूर्वानुमान सन् २०१४, २०१६ र २०२२ का मनसुन मौसमसँग मिल्दोजुल्दो देखिन्छ। समग्रमा यस वर्षको मनसुनको अवधिमा मनसुनजन्य विपद्‌बाट देशभर करिब ५१ हजार ८६८ घरपरिवारका दुई लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने आकलन गरिएको छ।'

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले त्यसमध्ये एक हजारदेखि चार हजार घरपरिवार प्रत्यक्षरूपमा प्रभावित हुनसक्ने अनुमान गरिएको जानकारी दिइन्। जुन सबैभन्दा खराब अवस्थाको परिदृश्यको करिब १० प्रतिशतबराबर हो। प्रदेश तथा स्थानीय तहमा विपद् पूर्वतयारी गर्न सहज होस् भन्ने अभिप्रायले प्रदेशगत विश्लेषण गरी विपद् जोखिम आकलन गरिएको उनले बताइन्।

कार्ययोजनामा यस वर्ष मनसुन ऋतुको अवधिमा देशैभर सरदरभन्दा कम वर्षा रहने सम्भावना विगतको तुलनामा कम रहेको भएता पनि सरदर तापक्रम वृद्धि हुनसक्ने आकलनले केही उच्च हिमाली स्थानहरूमा हिमताल विष्फोटन भई तल्लो तटीय क्षेत्रमा बाढी, पहिरो, डुबान, जमिन कटान तथा आकस्मिक बाढीजस्ता मनसुनजन्य विपद्को जोखिम अधिक हुने सम्भावना रहेको उल्लेख छ।

त्यसैगरी, उक्त अवधिमा दैनिक तापक्रममा वृद्धि हुने सम्भावना अधिक रहने आकलनले देशको दक्षिणी तराई भूभागमा सर्वसाधारण अत्यधिक गर्मी वा तातो हावाको लहर (लू)बाट समेत प्रभावित बन्ने सम्भावना रहेको आकलन गरिएको पनि प्रवक्ता महतले बताइन्।

क्रमशः पृष्ठ २ मा

## विपक्षी मोर्चासँग श्रम संस्कृतिको दूरी



गरिब सुकुमबासीहरूलाई उठीबास लगाएर सरकारले जुन रबैया देखायो, त्यसबारे विपक्षी दलहरूको एउटै धारणा बनाऔं भनेर बैठक बोलाइएको थियो । अध्यादेश ल्याएपछि कसरी अगाडि बढ्ने भनेर सरसल्लाह गर्न पनि बोलाइएको थियो । तर, श्रम संस्कति पार्टीबाट कोही आउनुभएन । नआउनुको कारण पनि थाहा भएन ।

**भीष्मराज आङ्‌देम्बे**
नेता, कांग्रेस संसदीय दल



वालेन्द्र सरकारविरूद्ध संसद्‌मा आवाज उठाउनु र कांग्रेस-एमालेसँगै औपचारिक सहकार्य गर्नु फरक कुरा हो । श्रम संस्कृति पार्टी अहिले पनि आफूलाई 'एण्टी-इस्टाब्लिसमेन्ट' शक्तिका रूपमा प्रस्तुत गर्न चाहन्छ । त्यसैले मुद्दामा समर्थन गरे पनि औपचारिक गठबन्धन वा मोर्चाबन्दीमा जान हिच्किचाइरहेको देखिन्छ ।

**भवानी बराल**
राजनीतिक विश्लेषक

■ जेबी योञ्जन






**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारविरुद्ध साझा रणनीति बनाउने प्रयासमा विपक्षी दलहरू अघोषित मोर्चाबन्दीमा छँदा श्रम संस्कृति पार्टी भने अलग हुँदै आएको छ। संसद्‌भित्र सरकारको सबैभन्दा चर्को आलोचकका रूपमा प्रस्तुत हुने श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ अन्य विपक्षी दलहरूको बैठकमा लगातार अनुपस्थित रहँदै आएका छन्।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले पछिल्लो डेढ महिनायता सरकारविरुद्ध साझा धारणा निर्माण गर्न विपक्षी दलहरूबीच नियमित छलफल गरिरहेको छ। कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्‌देम्बेको पहलमा भएका बैठकहरूमा नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का संसदीय दलका नेता, प्रमुख सचेतक र सचेतकहरू सहभागी हुँदै आएका छन्। तर, श्रम संस्कृति पार्टीबाट भने एकजना प्रतिनिधिसमेत उपस्थित भएका छैनन्।

कांग्रेसले सरकारको पछिल्लो कार्यशैली, विशेषगरी सुकुमबासी बस्ती हटाउने अभियान, अध्यादेशमार्फत शासन सञ्चालनको शैली र संसद्‌प्रतिको बेवास्ताजस्ता विषयमा साझा धारणा बनाउन विपक्षी मोर्चा बनाउन खोजेको थियो। तर, उक्त पहलमा श्रम संस्कृति पार्टी सहभागी नभएपछि विपक्षी एकताको प्रयास अधुरो देखिएको छ।

आङ्‌देम्बेले प्रभावसँग भने, 'गरिब सुकुमबासीहरूलाई उठीबास लगाएर सरकारले जुन रबैया देखायो, त्यसबारे विपक्षी दलहरूको एउटै धारणा बनाऔं भनेर बैठक बोलाइएको थियो। अध्यादेश ल्याएपछि कसरी अगाडि बढ्ने भनेर सरसल्लाह गर्न पनि बोलाइएको थियो। तर, उहाँहरू आउनुभएन। नआउनुको कारण पनि थाहा भएन।'

श्रम संस्कृति पार्टीको अनुपस्थितिलाई धेरैले पुराना राजनीतिक दलहरूसँग दूरी कायम गर्ने कदमका रूपमा हेरेका छन्। संसद्‌मा भने उक्त पार्टी सरकारप्रति निकै आक्रामक देखिन्छ। पार्टी अध्यक्ष साम्पाङले प्रधानमन्त्री शाहको कार्यशैलीलाई निरन्तर प्रश्न उठाउँदै आएका छन्। नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा प्रधानमन्त्री संसद्‌मा उपस्थित नभएको भन्दै उनले ३१ वैशाखमा राजीनामासमेत मागेका थिए।

प्रतिनिधिसभामा बोल्दै साम्पाङले प्रधानमन्त्री संसद्‌प्रति उत्तरदायी हुनुपर्ने संवैधानिक दायित्वबाट भाग्न नपाउने बताएका थिए। उनले जनताबाट निर्वाचित प्रधानमन्त्री संसद्‌मा प्रश्नको जवाफ दिन नआउनु लोकतान्त्रिक संस्कृतिविपरीत भएको टिप्पणी गरेका थिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## दक्षिण कोरियामा असामान्य गर्मीको जोखिम

### चरम गर्मीको समयमा बाहिरी काम रोक्न कोरियाको श्रम मन्त्रालयको सिफारिस

■ प्रभाव संवाददाता


तस्बिरः सामाजिक सञ्जालबाट

**काठमाडौं–** मौसमविद्‌हरूले असामान्य गर्मीको चेतावनी दिएसँगै दक्षिण कोरियाका आउटडोर (बाहिर काम गर्ने) श्रमिकहरू जोखिममा पर्ने जनाइएको छ। विशेषगरी निर्माण तथा कृषि क्षेत्रमा काम गर्ने श्रमिकहरू उच्च तापक्रमकै कारण स्वास्थ्य समस्या र मृत्युसम्मको जोखिमा पर्ने खतरा औंल्याइएको छ।

मौसमविद्‌हरूको यस वर्षको गर्मी विगतको जस्तै या त्यो भन्दा पनि खराब हुने प्रक्षेपण गरेको द कोरिया टाइम्सले उल्लेख गरेको छ। स्वास्थ्य अधिकारीहरूका अनुसार पछिल्ला वर्षहरूमा तातो बढ्दै गएसँगै यससँग सम्बन्धित रोगका बिरामीहरूको संख्यामा ठूलो वृद्धि भएको छ। अघिल्लो वर्ष उच्च तापका कारण बिरामी हुनेको संख्या चार हजार ४६० पुगेको थियो। जबकि, सन् २०११ मा तापक्रमसँग सम्बन्धित स्वास्थ्य समस्या ४४३ जनामामात्र रेकर्ड गरिएको तथ्यांक छ। २०११ को तुलनामा २०२५ मा बिरामीको संख्या करिब १० गुणा बढेको पाइएको छ। सन् २०१८ मा सबैभन्दा धेरै चार हजार ५२६ बिरामी भएको उल्लेख छ। गत वर्ष रेकर्ड गरिएको बिरामीको संख्यामध्ये सबैभन्दा बढी ३२.१ प्रतिशत अर्थात् एक हजार ४१३ जना बिरामी बाहिर काम गर्नेहरू रहेका जनाइएको छ।

क्रमशः पृष्ठ २ मा

**आइसिसी विश्वकप क्रिकेट लिग–२**

## अमेरिकामाथि नेपालको जित

- १९६ रनको लक्ष्य मात्र एक विकेटको क्षतिमा हासिल
- कुशल भुर्तेलद्वारा नटआउट १२० रनको योगदान
- दिपेन्द्रसिंह ऐरीले लिए अमेरिकाको चार विकेट
- यो जितसँगै सातौं स्थानमा रहेको नेपालले जोड्यो २० अंक



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत काठमाडौंमा जारी शृंखलामा नेपालले अमेरिकालाई पराजित गरेको छ। अंक तालिकाको दोस्रो स्थानमा रहेको अमेरिकाविरुद्ध शनिबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट रंगशालामा भएको खेलमा नेपाल नौ विकेटले विजयी भएको हो।

पहिले ब्याटिङ गरेको अमेरिकाले नेपाललाई १९५ रनको लक्ष्य दिएको थियो। नेपालले पाएको १९६ रनको लक्ष्य मात्र एक विकेटको क्षतिमा हासिल गर्न सफल भयो। नेपालको जितमा ओपनरद्वय कुशल भुर्तेल र आशिफ शेखले उत्कृष्ट प्रदर्शन गरे। उनीहरूले १५४ रनको साझेदारी गर्दै नेपाललाई जिततर्फ डोर्‍याएका थिए।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

## विपक्षी मोर्चासँग..

तर, संसद्भित्र सरकारमाथि प्रहार गरिरहे पनि श्रम संस्कृति पार्टी पुराना दलहरूसँग एउटै मोर्चामा उभिन तयार नदेखिएको हो । पार्टीका एक पदाधिकारीका अनुसार आफूहरूलाई नयाँ शक्तिका रूपमा जनमत प्राप्त भएको र देशको वर्तमान राजनीतिक, आर्थिक तथा प्रशासनिक अवस्थाका लागि पुराना दलहरू नै जिम्मेवार भएकाले उनीहरूसँग कार्यगत एकता सम्भव नरहेको निष्कर्ष पार्टीभित्र बलियो छ ।

ती पदाधिकारीले भने, 'हामी नयाँ शक्ति हो । अहिले देशलाई यो अवस्थामा पुऱ्याउने पुराना दलहरू नै हुन् । जनताले त्यही विकल्प अस्वीकार गरेर हामीलाई मत दिएका हुन् । त्यसैले उनीहरूसँग सहकार्य गरेर हामी आफ्नो राजनीतिक सन्देश कमजोर बनाउन चाहँदैनौं ।'

गत निर्वाचनबाट राष्ट्रिय राजनीतिमा उदाएको श्रम संस्कृति अहिले प्रतिनिधिसभाको पाँचौं ठूलो दल बनेको छ । निर्वाचन आयोगमा दर्ता भएको केही महिनामै राष्ट्रिय दलको मान्यता पाएको उक्त पार्टीले प्रत्यक्ष र समानुपातिक दुवैतर्फ उल्लेखनीय मत ल्याएको थियो ।

सुनसरीको धरान उपमहानगरपालिकाका पूर्वमेयरप्रमुख रहेका अध्यक्ष साम्पाङले स्थापना गरेको उक्त पार्टीले श्रम, उत्पादन, स्वावलम्बन र पुराना दलविरुद्धको विकल्पलाई मुख्य राजनीतिक नाराका रूपमा अघि सारेको छ । पार्टीले आफूलाई परम्परागत शक्ति संरचनाभन्दा अलग रहेको दाबी गर्दै आएको छ । राजनीतिक विश्लेषकहरूका अनुसार श्रम संस्कृति पार्टीको रणनीति पुराना दलहरूसँग दूरी कायम गरेर वैकल्पिक शक्तिको छवि बचाइराख्ने हो । विपक्षी मोर्चामा सहभागी भएमा आफूहरू पनि पुरानै शक्ति संरचनाको हिस्सा बनेको सन्देश जाने भय पार्टीभित्र देखिन्छ ।

राजनीतिक विश्लेषक भवानी बराल भन्छन्, 'वालेन्द्र सरकारविरुद्ध संसद्मा आवाज उठाउनु र कांग्रेस-एमालेसँगै औपचारिक सहकार्य गर्नु फरक कुरा हो । श्रम संस्कृति पार्टी अहिले पनि आफूलाई 'एण्टी-इस्टाब्लिसमेन्ट' शक्तिका रूपमा प्रस्तुत गर्न चाहन्छ । त्यसैले मुद्दामा समर्थन गरे पनि औपचारिक गठबन्धन वा मोर्चाबन्दीमा जान हिच्किचाइरहेको देखिन्छ ।'

यद्यपि, श्रम संस्कृति पार्टीको यो रणनीतिले विपक्षी राजनीति कमजोर बन्ने खतरा पनि देखिएको छ । संसद्मा सरकारसँग प्रभावकारीरूपमा टक्कर दिन विपक्षी दलहरूबीच न्यूनतम समन्वय आवश्यक पर्ने भए पनि नयाँ र पुराना दलबीचको अविश्वासका कारण त्यो सम्भव हुन सकेको छैन ।

केही समयअघि सभामुख डोलप्रसाद अर्यालले बोलाएको प्रमुख सचेतक र सचेतकहरूको बैठकमा पनि श्रम संस्कृति पार्टी सहभागी भएको थिएन । त्यसपछि अध्यक्ष साम्पाङले सामाजिक सञ्जालमार्फत आफ्नो पार्टीलाई औपचारिक जानकारी नै नपठाएको दाबी गरेका थिए ।

तर, संसद्को अंकगणित र राजनीतिक यथार्थ फरक हुन सक्ने विश्लेषकहरूको तर्क छ । सरकारविरुद्ध प्रभावकारी दबाब सिर्जना गर्न विपक्षी दलहरूबीच न्यूनतम सहकार्य आवश्यक पर्ने राजनीतिक विश्लेषक बराल बताउँछन् । अहिले कांग्रेस, एमाले, नेकपा र राप्रपाले सरकारका कदमविरुद्ध संयुक्त रणनीति बनाउने प्रयास गरिरहेका बेला श्रम संस्कृति पार्टी बाहिर रहनुले विपक्षी मोर्चा पूर्णरूपमा एकजुट हुन नसकेको स्पष्ट देखिन्छ ।

आगामी दिनमा सरकारसँगको टकराव बढ्दै जाँदा श्रम संस्कृति पार्टी आफ्नो स्वतन्त्र राजनीतिक लाइनमै रहने कि मुद्दागत सहकार्यतर्फ खुला हुने भन्ने प्रश्न अहिलेको विपक्षी राजनीतिमा चासोको विषय बनेको छ ।

■■■

## मनसुनजन्य...

जल तथा मौसम विज्ञान विभागले मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको यसअघि नै आकलन सार्वजनकि गरिसकेको छ । यस मनसुनको अवधिमा कर्णाली प्रदेशका दक्षिणी भूभाग, लुम्बिनी प्रदेशका अधिकांश भूभाग, मधेस प्रदेशका पूर्वी भूभाग र कोशी प्रदेशका दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ प्रतिशतदेखि ६५ प्रतिशत रहेको छ । यस्तै सुदूरपश्चिम प्रदेशका अधिकांश भूभाग, मधेस प्रदेशका पश्चिमी भूभाग र कोशी प्रदेशका मध्य भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत रहेको छ ।

त्यसैगरी, कर्णाली प्रदेशका उत्तरी भूभाग तथा कोशी प्रदेशका उत्तरी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको छ भने देशका बाँकी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको उल्लेख छ । सोही आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले देशभरको विपद् प्रभावितको अवस्था आकलन गरेर कार्ययोजना तयार पारी लागू गरेको हो ।

■■■

## दक्षिण कोरियामा...

त्यस्तै, खेत र धानबालीमा काम गर्नेहरू ५४२ तथा सडक छेउमा काम गर्ने ५२२ जना बिरामी भेटिएको सरकारी तथ्यांक छ । अघिल्लो वर्ष पनि कोरियामा विभिन्न मुलुकका श्रमिकहरूले उच्च तापक्रममा काम गर्ने क्रममा ज्यान गुमाएका थिए । सन् २०१० को दशकमा वार्षिक करिब १० जना कामदारको मृत्यु हुने गरेको थियो भने २०२० को दशकमा वार्षिक करिब ३० जना पुगेको समाचारमा उल्लेख गरिएको छ । उच्च तापक्रमसँग सम्बन्धित रोगबाट मृत्यु हुनेमध्ये ७९.३ प्रतिशत कामदार प्रभावित हुँदा बाहिरै रहेको पाइएको छ ।

कोरियाको रोजगार तथा श्रम मन्त्रालयले चरम गर्मीको चेतावनी जारी गरिएको समयमा सबै बाहिरी काम रोक्न गत साता सिफारिस गरेको समाचारमा उल्लेख छ । कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)ले पनि गत शुक्रबारदेखि तापसम्बन्धी कारणले उपचार गराइरहेका बिरामीहरूको निगरानी सुरु गरेको बुझिएको छ । यसले बिरामीहरूको अवस्था ट्र्याक गरेर स्वास्थ्य जोखिम कम गर्न सघाउने केसिडिएको भनाइ छ । यो निगरानी सेप्टेम्बर ३० सम्म जारी रहने बताइएको छ ।

उच्च तापक्रमको सम्पर्कका कारण हिट स्ट्रोक, हिट एक्जहस्टसन, हिट ऋयाम्पजस्ता समस्याहरू देखा पर्छन् । चिकित्सकहरूले शरीरको बढी प्रयोग हुने भागमा अचानक दुखेमा, टाउको दुखाइ, टाउको घुम्ने, वान्ता, थकानजस्ता लक्षणहरू तापसम्बन्धी समस्याको संकेत हुनसक्ने बताउँदै आएका छन् । यसबीच, केडिसिएले पनि उच्च तापक्रम भएको दिनमा बाहिर नहिँड्न, घाम प्रत्यक्ष नपरोस् भनेर छाता वा टोपीको प्रयोग गर्न, पर्याप्त विश्राम तथा तरल पदार्थको सेवन गर्न सुझाव दिएको छ ।

उच्च तापक्रमको जोखिमलाई नियन्त्रण गर्न रोजगारदाताले सरकारले ग्यारेण्टी गरेको 'विश्राम ब्रेक' जस्ता व्यवस्थाको सुनिश्चित गर्नुपर्ने माग श्रमअधिकारकर्मीहरूले राख्दै आएका छन् । कोरिया नेपालीहरूको आकर्षक रोजगार गन्तव्य हो । रोजगार अनुमति प्रणाली (इपिएस) प्रणालीमार्फत बर्सेनि हजारौं युवाहरू कोरिया जाँदै आएका छन् । उनीहरू उत्पादनमूलक क्षेत्रका साथै कृषि तथा पशुपालन, कन्स्ट्रक्सन, पानीजहाज बनाउने तथा सेवा क्षेत्रमा जाँदै आएका छन् । आर्थिक वर्ष २०८०/८१ मा एक हजार २२२ जना तथा २०८१/८२ मा एक हजार ७२१ नेपाली श्रमिक इपिएसमार्फत कोरिया गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

■■■

## अमेरिकामाथि...

भुर्तेलले नटआउट रहँदै सर्वाधिक १२० रनको योगदान गरे । उनले १३ चौका र चार छक्काको मद्दतमा ११८ बल खेलेर १२० रन बनाएका हुन् । आशिफ ७२ बलमा आठ चौकाको मद्दतमा ५८ रन बनाएर आउट भए । आशिफको स्थानमा आएका इसान पाण्डेले २० रनको योगदान गरे ।

यसअघि पहिला ब्याटिङ गरेको अमेरिकाले ४३.३ ओभरमा १९५ रन बनाएको थियो । नेपालले एक विकेट गुमाउँदै ३६.४ ओभरमा लक्ष्य पूरा गऱ्यो । अमेरिका कम रनमा समेटिने क्रममा नेपालका लागि दिपेन्द्रसिंह ऐरीले चार विकेट लिए । सोमपाल कामीले दुई तथा सन्दीप लामिछाने र गुल्सन झाले समान एक/एक विकेट लिए ।

अमेरिकाका लागि ओपनर स्मित पटेलले सर्वाधिक ८४ रन बनाएका थिए । उनले ८९ बलमा आठ चौका र तीन छक्का प्रहार गरेका हुन् । शेहान जयसुरिया ५२ बलमा एक छक्क प्रदार गर्दै ५० रन बनाएर आउट भएका हुन् ।

यो जितसँगै सातौं स्थानमा रहेको नेपालले २० अंक बनाएको छ । अमेरिका ३६ अंकसहित दोस्रो स्थानमा छ । छैटौं स्थानमा रहेको क्यानडाको २१, पाँचौं स्थानमा रहेको नामिबियाको २२ अंक छ । खेल तालिकाको अन्तिममा रहेको युएईले १४ अंक बनाएको छ भने स्कटल्याण्ड ३८ अंकसहित खेल तालिकाको अग्रस्थानमा छ । अब नेपालले स्कटल्याण्ड र अमेरिकाविरुद्ध क्रमशः दुई खेल घरेलुमैदानमा खेल्ने छ ।


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०६८।१०।२४ मा प्रा. लि नं. ९०४२८ म दर्ता भएको **आर.एन.ट्रेड बिज प्रा.लि**को मिति २०८३।०२।०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता ईन्द्र मणि अधिकारी (इजाजत पब नं. ५६१) बिजुलीबजार, काठमाडौं, सम्पर्क नं. ९८५१०७००४३**

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकानशित मितिः २०८३/०२/०३

**पि. सि. एस. भेन्चर प्रा. लि.** को मिति २०८३।१।२० गते सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन ,कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी नोभा भेन्चर प्रा. लि. (प्रा. लिं. ३०३७७७) कायम गर्ने गरी मिति २०८३।१।२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बिमालेख हरायो**

मिति २०८२/१०/२० गते कलंकीदेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Hira Kaji Maharjan
बिमालेख नं.: 110010654
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Satungal, Chandragiri, Kathmandu, Nepal
सम्पर्क नं : 9841118394

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथाआपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमामिति २०७८।०१।०८ मा दर्ता भएको प्रा.लि नं. २६२६९५ को **अल्टिमेट डिटेलर नेपाल प्रा. लि.** नामककम्पनी यस कार्यालयको मिति २०८३।०१।३० को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १३६ (१) बमोजिमखारेजीगरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचनाप्रकाशितगरिएको छ ।

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथाआपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०।०४।२९ मादर्ताभएको प्रा. लि नं. ११५१७१ को **साबु इन्टरप्राईजेज प्रा. लि.** नामककम्पनी यस कार्यालयको मिति २०८३।०१।३१को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १३६ (१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचनाप्रकाशितगरिएको छ ।


# फोहोरको स्रोतमै पृथकीकरण नहुँदा वातावरणमा नकारात्मक असर

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकाको फोहोरको स्रोतमै पृथकीकरण गरी प्रकृतिअनुसार व्यवस्थापन नगरी सम्पूर्ण फोहोर 'ल्याण्डफिल साइट'मा व्यवस्थापनका लागि लैजाँदा जैविक विविधता र वातावरणमा नकारात्मक असर पर्दै आएको महालेखापरीक्षक कार्यालयको प्रतिवेदनले औंल्याएको छ ।

महालेखापरीक्षकको ६३औं वार्षिक प्रतिवेदनले जैविक विविधता र वातावरणमा नकारात्मक असर नपर्नेगरी ल्याण्डफिल साइटको व्यवस्थापन गर्न भनेको छ । मन्त्रिपरिषद्को २०७५ मंसिर १७ गतेको निर्णयानुसार तत्कालीन सहरी विकास मन्त्रालयलाई काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोरको दिगो व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माणको जिम्मेवारी दिइएको छ ।

मन्त्रालयले नुवाकोटको ककनी गाउँपालिका-२ र धादिङको धुनीबेंसी गाउँपालिका-१ स्थित बञ्चरेडाँडा फेदीमा कोल्पुखोला 'डाइभर्सन' गरी ल्याण्डफिल साइट निर्माण कार्य गर्दै आएको छ । उक्त कार्यका लागि आर्थिक वर्ष २०८१/८२ मा चालुतर्फ एक करोड ३१ लाख ९३ हजार रूपैयाँ तथा पुँजीगततर्फ सात करोड तीन लाख नौ हजार रूपैयाँ गरी आठ करोड ३५ लाख दुई हजार रूपैयाँ खर्च भएको प्रतिवेदनमा जनाइएको छ ।

काठमाडौं उपत्यकासहित आसपासका २३ स्थानीय तहले २०७९ जेठ १२ देखि फोहोर विसर्जनको कार्य गरेकामा सहरी विकास तथा भवन निर्माण विभागबाट ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्यविधि २०७९ असार २४ मा स्वीकृत भई काठमाडौं महानगरपालिकाबाट सञ्चालन भएको छ । दैनिकरूपमा उत्पन्न हुने जैविक तथा अजैविक फोहोरलाई संकलन, वर्गीकरण, पुनः प्रयोगलगायत प्रक्रियाबाट बाँकी रहेको फोहोरलाई मात्र व्यवस्थापन गर्ने उद्देश्यले ल्याण्डफिल साइटको निर्माण गरिएकामा फोहोरको स्रोतमै पृथकीकरण गरी प्रकृतिअनुसार व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी सम्पूर्ण फोहोर साइटमा व्यवस्थापनका लागि लैजाने, दैनिक रूपमा व्यवस्थापन गर्ने कार्य, ल्याण्डफिल 'ग्यास भेन्टिलेसन'का लागि 'भेन्ट पाइप' जडानको कार्य, दैनिकरूपमा माटोले पुर्ने कार्य नियमितरूपमा नगरिएको प्रतिवेदनले औंल्याएको छ ।

ल्याण्डफिल साइटको मौजुदा सेल भरिइसकेका कारण थप उचाइ बढाउनका लागि नयाँ ठेक्का व्यवस्था भएको छ । त्यसैगरी, लिचेड पोखरी 'ओभरफ्लो' भएको, 'रिसर्कुलेसन'का लागि 'मोटर'हरू नियमितरूपमा चलाउनुपर्नेमा नचलाएको, मोटरहरू बिग्रेकाले लिचेड ओभरफ्लो भई खोलामा मिसिन गई वातावरणमा नकारात्मक असर परेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।


**सच्याइएको**

**कतारमा रोजगार** कम्पनी : LULU HYPERMARKET TRADING CO. WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/०१ LT. No. 336333 चलानी नं. ६०२४९९३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 196 | 141 | 1000 | ४२,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः टोखा नगरपालिका, बसुन्धरा बैंक्वेट, बसुन्धरा काठमाडौंमा मितिः २०८३ जेठ ९ गते (23rd May. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

**साउदीमा रोजगार** कम्पनी : SUMMIT UNION INDUSTRIAL COMPANY शहर : Qatif Dammam

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ LT. No. 342166 चलानी नं. ६०२५५५०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING & UNLOADING LABOR | 1 | 0 | 1000 | ४०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १० गते (24th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ३ जेठ, २०८३

**मेष** – आज नयाँ कामको सुरुवातका लागि राम्रो दिन छ । आर्थिक पक्षमा सुधार आउने संकेत छन् ।

**वृष** – धैर्य र संयमले सफलता दिलाउनेछ । अनावश्यक खर्च बढ्न सक्ने भएकाले सचेत रहनुहोस् ।

**मिथुन** – सिर्जनात्मक काममा सफलता मिल्नेछ । अध्ययन तथा लेखन क्षेत्रमा राम्रो अवसर प्राप्त हुन सक्छ ।

**कर्कट** – परिवारको साथ र सहयोग प्राप्त हुनेछ । काममा केही चुनौती आए पनि समाधान भेटिनेछ ।

**सिंह** – नेतृत्व क्षमता बढ्ने दिन छ । सामाजिक सम्मान प्राप्त हुनेछ । आर्थिक लाभका अवसर देखा पर्नेछन् ।

**कन्या** – मेहनत अनुसार फल प्राप्त हुनेछ । प्रेम सम्बन्धमा विश्वास बढ्नेछ । अत्यधिक कामले थकान हुन सक्छ ।

**तुला** – मन सकारात्मक रहनेछ । व्यापार तथा व्यवसायमा लाभ मिल्ने सम्भावना छ । छोटो यात्रा सुखद रहला ।

**वृश्चिक** – धैर्य र मेहनतले सफलता मिल्नेछ । प्रतिस्पर्धामा जित हासिल गर्न सकिनेछ ।

**धनु** – रोकिएका काम पूरा हुन सक्छने । अध्ययन तथा करियर क्षेत्रमा राम्रो प्रगति हुनेछ ।

**मकर** – कामको चाप बढे पनि परिणाम सकारात्मक रहनेछ । परिवारको सल्लाह उपयोगी हुनेछ ।

**कुम्भ** – नयाँ अवसर प्राप्त हुन सक्छ । साथीभाइको सहयोगले काम सफल बन्नेछ ।

**मीन** – मन शान्त र सकारात्मक रहनेछ । धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३ जेठ, २०८३ (१७ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.८४ | १५३.४४ |
| युरो | १ को | १७९.०३ | १७९.७३ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.४४ | २०७.२५ |
| स्विस फ्रैन्क | १ को | १९५.५९ | १९६.३५ |
| अस्ट्रेलियन डलर | १ को | ११०.८० | १११.२४ |
| क्यानाडियन डलर | १ को | १११.६३ | ११२.०७ |
| सिङगापुर डलर | १ को | १२०.११ | १२०.५८ |
| जापानी येन | १० को | ९.६९ | ९.७२ |
| चिनियाँ युआन | १ को | २२.५१ | २२.५९ |
| साउदी अरब रियाल | १ को | ४०.७४ | ४०.९० |
| कतारी रियाल | १ को | ४१.९३ | ४२.०९ |
| थाई भाट | ख १ को | ४.७२ | ४.७४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.६१ | ४१.७८ |
| मलेसियन रिङेट | १ को | ३८.८९ | ३९.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२६ | १०.३० |
| स्विडिस क्रोनर | १ को | १६.४० | १६.४७ |
| डेनिस क्रोनर | १ को | २३.९६ | २४.०५ |
| हङकङ डलर | १ को | १९.५२ | १९.६० |
| कुवेती दिनार | १ को | ४९८.९१ | ५००.८७ |
| बहराइन दिनार | १ को | ४०५.२५ | ४०६.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**कालभैरव मन्दिरमा भक्तजन** | काठमाडौँस्थित हनुमानढोका दरबार क्षेत्रमा रहेको कालभैरव मन्दिरमा शनिबार बिहान पूजाअर्चना गर्दै भक्तजन । *तस्बिर: रासस*

# 'एसइई'मा सतप्रतिशत नतिजा ल्याउने काठमाडौंका चार विद्यालय

■ **शर्मिला पाठक**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाभित्रका चार सामुदायिक विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा सतप्रतिशत विद्यार्थी 'ग्रेडेड' गराउन सफल भएका छन् । यस्तो नतिजा ल्याउनेमा केन्द्रीय बहिरा माध्यमिक विद्यालय नक्साल, श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल, बाल व्यवसायी माध्यमिक विद्यालय सिफल र बाल सेवा माध्यमिक विद्यालय झोछेँ रहेका छन् ।

## २७ वर्षदेखि निरन्तर सफल केन्द्रीय बहिरा मावि

नक्सालमा रहेको केन्द्रीय बहिरा माध्यमिक विद्यालयले २०५५ सालदेखि नियमितरूपमा सतप्रतिशत नतिजा ल्याइरहेको छ । वि.सं. २०२८ मा स्थापित उक्त विद्यालय परिवारको अथक मिहेनतले यस्तो नतिजा ल्याउन सफल भएको प्रधानाध्यापक उपेन्द्र यादव बताउँछन् ।

उक्त विद्यालयमा अध्ययन गर्ने कान नसुन्ने (बहिरा) २१ जना विद्यार्थी यस वर्षको एसइई परीक्षामा सहभागी भएका थिए । यहाँ यस्ता विद्यार्थीलाई दृश्यको माध्यमबाट शिक्षण सिकाइ गरिँदै आएको छ । विविध समस्याका बाबजुत २७ वर्षदेखि नतिजामा सधैं अगाडि रहेको प्रधानाध्यापक यादवले बताए ।

## विगत १० वर्षदेखि सतप्रतिशत

यस्तै, वि.सं. २०७२ देखि निरन्तर सतप्रतिशत नतिजा ल्याउन सफल भएको श्रम राष्ट्रिय माध्यमिक विद्यालयले २०८२ सालको एसइईमा पनि आफूलाई अब्बल सावित गरेको छ । विद्यालयका सहायक प्रधानाध्यापक सरोज खनालले फरक पठनपाठन संस्कार र निरन्तर मिहेनतले उत्कृष्ट नतिजा ल्याउन सहज भएको बताए । उनले भने, 'हामी चाडपर्वको दिनबाहेक अन्य कुनै पनि बिदामा विद्यालय बन्द गर्दैनौं । अनिवार्य विषयहरू गणित, विज्ञान र अंग्रेजीको नियमित पठनपाठन हुन्छ । यसरी राम्रो नतिजासहित ल्याउन अहोरात्र खटिने सबै विषयगत शिक्षकका कारण यस्तो सम्भव भएको हो ।'

खनालले सतप्रतिशत नतिजा ल्याउनमात्र नभई औसत जिपिए पनि उत्कृष्ट रहेकाले विगत तीन वर्षदेखि काठमाडौं महानगरपालिकाले पुरस्कार प्रदान गर्दै आएको र आगामी दिनमा पनि उत्कृट नतिजा ल्याउन विद्यालय परिवारले मिहेनत गरिरहने प्रतिबद्धता जनाए ।

## बाल व्यवसायीले अभिभावकलाई समेत आय आर्जनका लागि सीप

यसैगरी, बाल व्यवसायी माध्यमिक विद्यालय विगत दुई वर्षदेखि सतप्रतिशत नतिजा ल्याइरहेको छ । वि.सं. २०२८ मा स्थापना भएको उक्त विद्यालयले शारीरिकरूपमा अशक्त बालबालिकालाई पनि अध्ययन अध्यापन गराउँदै आएको प्रधानाध्यापक रामचन्द्र ढुंगानाले जानकारी दिए । यस विद्यालयबाट २०८२ मा परीक्षा दिएका सबै ३३ विद्यार्थी नै 'ग्रेडेड' भएका छन् ।

> महानगर शिक्षा अधिकृत केशव ज्ञवालीका अनुसार सिकाइप्रति विद्यार्थीको रूचि जगाउन, सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र तनावरहित सिकाइलाई अभ्यासमा ल्याउन 'पुस्तकरहित शुक्रबार' कार्यक्रमले राम्रो योगदान गरिरहेको छ । यस कार्यक्रममा विद्यार्थीले पाठ्यक्रम, सहपाठ्यक्रम र अतिरिक्त पाठ्यक्रमलाई एकीकृत गरेर विद्यार्थीको बहुआयामिक सिकाइको अभ्यास हुने गरेको उनले जानकारी दिए ।

विद्यालयले बालबालिकाको पठनपाठनमा सहजताका लागि उनीहरूका अभिभावकलाई समेत आयआर्जनका लागि सिलाइबुनाइको काम प्रदान गर्दै आएको छ । यसले अभिभावकलाई आफ्ना बालबालिकाको न्यूनतम आवश्यकता पूर्तिका लागि सघाउ पुगेको प्रधानाध्यापक ढुंगानाको भनाइ छ । हाल उक्त विद्यालयमा ८९ जना शारीरिकरूपमा अशक्त बालबालिकासहित ४२७ बालबालिकाले अध्ययन गरिरहेका छन् ।

## 'महानगरको लगानीले हामीलाई सहज भइरहेको छ'

यसपटक एसइईमा सतप्रतिशत नतिजा ल्याउनेमा बाल सेवा माध्यमिक विद्यालय झोछेँले पनि पर्छ । विगतमा भौतिक पूर्वाधारको अभावका कारण यस विद्यालयमा बालबालिका टिकाउनै कठिन थियो । पछिल्लो समय महानगरपालिकाले शिक्षामा गरेको लगानी र विद्यालय परिवारको निरन्तर मिहेनतले बालबालिकालाई टिकाउन र गुणस्तरीय शिक्षण सिकाइका लागि पनि सहज भएको प्रधानाध्यापक मञ्जु पाठकले बताइन् ।

उनका अनुसार यस विद्यालयमा करिब ९० प्रतिशत बालबालिका आर्थिकरूपमा विपन्न परिवारका छन् । एकपटक भर्ना गरिसकेपछि चाहेर पनि विद्यालयले अभिभावकसँग बसेर सिकाइ सुधारका लागि छलफल गर्ने अवस्था नै छैन । 'अभिभावकमा भर्ना गरिसकेपछि सबै जिम्मेवारी विद्यालयको हो भन्ने धारणा छ । कापीकलम, विद्यालयको पोसाक आफ्ना नानीबाबुको पढाइ कस्तो छ, नियमित विद्यालय गएका छन् कि छैनन् भन्ने विषयमा उनहरू बेखबरजस्तै हुनुहुन्छ,' प्रअ पाठक भन्छिन्, 'विभिन्न संघसंस्थासँग आग्रह गरेर केही बालबालिकाको घरमा रासनपानी र विद्यालयमा आवश्यक पर्ने कापीकलमसहित अन्य शैक्षिक सामग्री व्यवस्था गर्दै आएका छौं । त्यसैले विभिन्न समस्याकाबीच पनि राम्रो नतिजा ल्याइरहेका छौं ।'

## हरेक वर्ष नतिजा सुधार्दै महानगर

महानगर शिक्षा विभागका प्रमुख नमराज ढकालले यस वर्ष महानगरका ७६.७५ प्रतिशत विद्यार्थी एसइईमा 'ग्रेडेड' भएको जानकारी दिए । नतिजा सुधार कार्यक्रम लागू भएका विद्यालयमा एसइई नतिजा सन्तोषजनक रहेको उनले बताए ।

यसपटक यहाँका ६० वटा विद्यालयबाट चार हजार १६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । गत वर्ष चार हजार ८५ जना परीक्षार्थीमध्ये तीन हजार १० ९ जना (७६.०८ प्रतिशत) ग्रेडेड थिए । यस वर्ष ८२ जना बढी विद्यार्थी परीक्षामा सहभागी भएका थिए ।

सहभागीमध्ये ३.६ देखि चार जिपिए प्राप्त गर्ने विद्यार्थीको संख्या ५४३ छ । यस्तै, ३.२ देखि ३.६ जिपिए ल्याउने विद्यार्थीको संख्या एक हजार चार, २.८ देखि ३.२ जिपिए ल्याउने एक हजार १५३, २.४देखि २.८ जिपिए ल्याउने ४६९ र दुईदेखि २.४ जिपिए ल्याउने १४ जना छन् । यसमा गएको वर्षमाथि उल्लिखित जिपिए ल्याउने क्रमशः ७७४, एक हजार १५६ जना, ९०२, २४६ र १४ जना रहेका थिए । यसरी उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीको संख्या वृद्धि भइरहेको र तल्लो तहको जिपिए प्राप्त गर्ने विद्यार्थीहरूको संख्या घट्दै गएको पाइन्छ । गत वर्ष ९७६ जना 'ननग्रेडेड' भएकामा यस वर्ष त्यो संख्या ९६९ जना छ ।

## नतिजा सुधार गर्न महानगरको प्रयास

विद्यालयको शैक्षिक गुणस्तरमा आएको सुधार, विद्यार्थीमा मिहेनत गर्ने बानीको विकास, शिक्षकको अध्यापनप्रति बढ्दो लगाव, नतिजा सुधारका लागि महानगरले बिदाका समयमा पनि सञ्चालन गरेका 'क्याम्प' कक्षा तथा विशेष निगरानीका कारण नतिजामा सुधार भइरहेको जानकारहरू बताउँछन् ।

महानगर शिक्षा अधिकृत केशव ज्ञवालीका अनुसार सिकाइप्रति विद्यार्थीको रुचि जगाउन, सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र तनावरहित सिकाइलाई अभ्यासमा ल्याउन 'पुस्तकरहित शुक्रबार' कार्यक्रमले राम्रो योगदान गरिरहेको छ । यस कार्यक्रममा विद्यार्थीले पाठचक्रम, सहपाठचक्रम र अतिरिक्त पाठचक्रमलाई एकीकृत गरेर विद्यार्थीको बहुआयामिक सिकाइको अभ्यास हुने गरेको उनले जानकारी दिए ।

'शिक्षामा रूपान्तरण ल्याउन विद्यार्थीको सिकाइ सुधार गर्नु महानगरको प्राथमिकता हो । यसलाई सम्भव बनाउन विद्यार्थीको सिकाइमा कमजोरीका कारण बुझेर सोहीअनुसार सुधार कार्यक्रम कार्यान्वयन भइरहेका छन्,' शिक्षा अधिकृत ज्ञवालीले भने, 'शिक्षकको दक्षता अभिवृद्धि गर्न शिक्षक तालिम सञ्चालन गरिएको छ । स्मार्ट कक्षा कोठामा अध्ययन गर्न साधन उपकरण र पूर्वाधार थपिएको छ ।' *रासस*

महालेखापरीक्षकको प्रतिवेदन

# सरकारी अस्पतालका गोदाममा करोडौंका उपकरण प्रयोगविहीन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारी स्वास्थ्य संस्थामा ठूलो धनराशि खर्च गरेर खरिद गरिएका अत्याधुनिक उपकरण लामो समयदेखि गोदाममा थन्किएका पाइएको छ । महालेखापरीक्षकको कार्यालयले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ६३औं वार्षिक प्रतिवेदनमा सरकारी स्वास्थ्य निकायहरूमा ५१ करोड ४९ लाख रूपैयाँभन्दा बढी मूल्यका उपकरण उपयोगविहीन रहेको उल्लेख गरिएको छ ।




नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले खरिद गरिएका उपकरण सञ्चालनमा नआउँदा नागरिक निजी अस्पताल जान बाध्य भएको र राज्यको लगानी खेर गइरहेको प्रतिवेदनमा औंल्याइएको छ । राष्ट्रिय ट्रमा सेन्टरमा पाँच करोड ३७ लाख ८२ हजार रूपैयाँबराबरको 'क्याथल्याब मेसिन' जनशक्तिको अभावमा २०७२ सालदेखि प्रयोगविहीन अवस्थामा रहेको छ । त्यस्तै, २४ करोड ७७ लाख नौ हजार रूपैयाँबराबरको 'सिटी स्क्यान सिस्टम,' १४ थान भेन्टिलेटर र पाँच थान 'सी-आर्म मेसिन' पनि सञ्चालनमा आउन सकेका छैनन् ।

यसैगरी, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा ७२ लाख ६० हजार रूपैयाँ मूल्यका 'इसिजी केबुल' ३०० थान, गजेन्द्रनारायण सिंह अस्पतालमा चार करोड ९० लाख ९५ हजार रूपैयाँबराबरका 'एक्स-रे मेसिन,' 'इण्डो युरोलोजी,' 'ल्याप्रोस्कोपी सिस्टम,' एनेस्थेसिया मेसिन तथा 'इलेक्ट्रो कार्डियोलोजी' उपकरणसमेत प्रयोगविहीन अवस्थामा छन् ।

सिंहदरबार वैद्यखाना विकास समितिमा 'सिंगल रोटरी ट्याब्लेटिङ मेसिन,' एयर कम्प्रेसर, इन्जेक्ट कोडर, डबल कोन ब्लेण्डर, अटोमेटिक हाइस्पिड लेबलिङ मेसिन, ब्वायलर, क्लोड मिल, इलेक्ट्रिक ट्रे ड्रायरलगायतका उपकरण लामो समयदेखि थन्किएका छन् । विभिन्न ६० प्रकारका मेसिन तथा नेपाल प्रहरी अस्पतालमा १६ स्लाइस सीटी स्क्यान, १.५ टेस्ला एमआरआई मेसिनलगायत उपकरण पनि उपयोगविहीन रहेको प्रतिवेदनमा उल्लेख छ ।

स्वास्थ्य सेवा विभागले यस वर्ष ९६५ हाइड बोर्ड र ९६५ इलेक्ट्रोनिक वेट स्केल खरिदमा छ करोड ७३ लाख २१ हजार रूपैयाँ खर्च गरेको भए पनि अघिल्लो वर्ष खरिद गरिएका छ करोड ५३ लाख ९९ हजार रूपैयाँबराबरका एक हजार ३३६ इलेक्ट्रोनिक वेट स्केल पनि प्रयोगविहीन अवस्थामा रहेका प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, दुई करोड ४२ लाख ५४ हजारका १३३ थान विभिन्न सात प्रकारका उपकरणसमेत थन्क्याएर राखिएको पाइएको छ ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको 'टेलिथेरापी मेसिन' चार वर्षदेखि 'बंकर'मै प्रयोगविहीन अवस्थामा रहेको छ । उक्त मेसिनभित्र रहेको रेडियोधर्मी स्रोतको आयु सकिन लागेकाले विकीरण जोखिमसमेत बढेको उल्लेख छ ।

महालेखापरीक्षकको कार्यालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई यस्ता उपकरणको प्रभावकारी उपयोग सुनिश्चित गर्न, अनुगमन गर्न तथा समग्र लगत तयार गरी व्यवस्थापन गर्न सुझाव दिएको छ ।

## विश्वविद्यालयहरूको अतिक्रमित जग्गा फिर्ता गर्न सुझाव

**काठमाडौं (प्रस)–** महालेखापरीक्षकको कार्यालयले त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको अतिक्रमित जग्गा फिर्ता गरी उचित संरक्षणका साथै आयमूलक कार्यमा उपयोग गर्न सुझाव दिएको छ । महालेखापरीक्षकको ६३औं प्रतिवेदनले त्रिभुवन विश्वविद्यालय र अन्तर्गत निकायको पूर्णस्वामित्वमा एक करोड ३१ लाख २२ हजार वर्गमिटर, भोगाधिकार नौ लाख ९९ हजार वर्गमिटरसमेत र अन्य छ लाख ५३ हजार वर्ग मिटरसमेत एक करोड ४७ लाख ८४ हजार वर्गमिटर जग्गा अतिक्रमित भएको औंल्याएको छ ।

यस्तै सुदूरपश्चिम विश्वविद्यालय मातहतको टीकापुर बहुमुखी क्याम्पस ३८० बिघा जग्गामध्ये ३०० बिघा तथा पोखरा विश्वविद्यालयको स्वामित्वमा रहेको पोखरा महानगरपालिकाका विभिन्न वडामा नेपाल सरकारबाट भोगाधिकार प्राप्त एक हजार ३७२ रोपनी १३ आना तीन पैसा जग्गामध्ये ६५२ रोपनीभन्दा बढी अतिक्रमण भएको प्रतिवेदनमा देखाइएको छ ।

'विश्वविद्यालयहरूले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायबाट समन्वय गरी अतिक्रमित जग्गा फिर्ता गरी उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ ।

# अन्योलमा राष्ट्रिय ललितकला प्रदर्शनी

**काठमाडौं–** ललितकला क्षेत्रको महोत्सव मानिने नेपाली ललितकला क्षेत्रकै सबैभन्दा ठूलो कार्यक्रम 'राष्ट्रिय ललितकला प्रदर्शनी, २०८३' निर्धारित समयमा आयोजना हुने वा नहुनेमा अन्योलता सिर्जना भएको छ । यही जेठ १५ गतेदेखि आयोजना हुने समय तय भएको प्रदर्शनीको यतिबेला आवश्यक तयारी अन्तिम चरणमा पुग्नुपर्नेमा अहिले सबै काम रोकिएको हो ।

प्रदर्शनीको नजिक पुगेको समयमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा कुलपतिसहित सबै प्राज्ञपरिषद् सदस्यको पद खाली भएकाले प्रदर्शनी हुने वा नहुने अनिश्चित देखिएको हो । ललितकलाको इतिहास बोकेको राष्ट्रिय कला प्रदर्शनीमा सातै प्रदेशमा आयोजना गरिएको प्रादेशिक कला प्रदर्शनीबाट छनोट भएका उत्कृष्ट कलाकृति समावेश हुँदै आएका थिए ।

यसैबीचबाट दर्जनौं कलाकृति पुरस्कृत हुने गरेको थियो भने कलामार्फत महत्त्वपूर्ण योगदान दिएका दुई जना अग्रज कलाकारलाई अरनिको सम्मान दिने गरिएको थियो । प्रदर्शनीमा लुकेर रहेका मौलिक, लोक तथा रैथाने कलाहरू पनि समावेश हुने गरेकाले कला संस्कृति र पहिचान प्रवर्द्धन हुँदै आएको थियो । तर, यसपालि पदाधिकारी नियुक्त नहुँदा र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट कुनै निर्देशन नआएकाले कला प्रदर्शनीको आवश्यक तयारी रोकिएको प्रतिष्ठानका प्रशासन प्रमुख कमलमणि काफ्लेले जानकारी दिए ।

उनले भने, 'अहिले सबै तयारी लगभग अन्तिम चरणमा हुनुपर्ने थियो, प्रदर्शनीको समय अब १३ दिनमात्रै बाँकी छ, मन्त्रालयमा आवश्यक निर्देशनका लागि लेखेर पठाएका छौं तर आजको मितिसम्म कुनै निर्देशन नभएकाले तयारीका काम सबै रोकिएको छ ।'

> प्रदर्शनीको नजिक पुगेको समयमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा कुलपतिसहित सबै प्राज्ञपरिषद् सदस्यको पद खाली भएकाले प्रदर्शनी हुने वा नहुने अनिश्चित देखिएको हो । ललितकलाको इतिहास बोकेको राष्ट्रिय कला प्रदर्शनीमा सातै प्रदेशमा आयोजना गरिएको प्रादेशिक कला प्रदर्शनीबाट छनोट भएका उत्कृष्ट कलाकृति समावेश हुँदै आएका थिए ।

यसअघि प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न भइसकेको छ । राष्ट्रिय प्रदर्शनीको तयारी सुरु हुनेबित्तिकै सबै पदाधिकारी पदमुक्त भएपछि काम अघि बढ्न नसकेको हो । प्रदर्शनी निरन्तर गर्ने विषयमा छलफल भइरहेको जनाउँदै मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यले सकेसम्म निर्धारित समयमै प्रदर्शनी हुने बताए । उनले अहिले पदाधिकारी नियुक्तिका लागि 'रोस्टर'मा नाम सूचीकृत गर्न सूचना जारी भएको र सोही प्रक्रियामार्फत पदाधिकारी नियुक्ति भई काम अघि बढ्ने बताउँदै नभएमा मन्त्रालयबाट कर्मचारी तोकेर पनि प्रदर्शनीलगायत काम अघि बढाइने जानकारी दिए ।

प्रतिष्ठानमा दरबन्दी नभएकाले सबै करारका कर्मचारीमात्रै छन् । मन्त्रालयबाट महत्त्वपूर्ण काम नगर्नु र कार्यालयमा कार्यरत सिनियर कर्मचारीबाट काम कारबाही अघि बढाउन निर्देशन भएको छ । करारका कर्मचारी मात्रै भएकाले उनहरूबाट कुनै काम अघि बढ्नसक्ने नदेखिएको प्रतिष्ठानका प्रशासन प्रमुख काफ्लेले बताए । मन्त्रालयबाट काम अघि बढाउन निर्देशन भए प्रदर्शनीको तयारी अघि बढाउन करारकै कर्मचारी पनि तयार रहेका उनले उल्लेख गरे ।

उनले जेठ पहिलो हप्तासम्म कुनै निर्देशन भए 'फास्टट्र्याक'बाट प्रदर्शनी आयोजना गर्न सकिने जनाउँदै त्यसपछि कुनै निर्देशन नआएमा तोकिएको मिति जेठ १५ गते प्रदर्शनी गर्न नसकिने बताए । ललितकलाको इतिहास बोकेको कला प्रदर्शनी अर्को मिति सारेरै भए पनि भने रोक्न नहुनेमा जोड दिइएको छ । ललितकलाका कलाकारले पनि उक्त प्रदर्शनीका विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका छन् ।

कलाकार दिवेश प्रधानले कुनै अग्रज कलाकारको नेतृत्वमा समिति बनाएर वा सरकारले मन्त्रालयका कर्मचारीलाई प्रतिनिधि तोकेर भए पनि कला प्रदर्शनी गर्नुपर्ने सुझाव दिए । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्यसचिव देवेन्द्र काफ्ले थुम्केलीले सरकारले जिम्मेवारी दिएमा कुनै सेवासुविधा नलिई स्वयंसेवी रूपमा प्रदर्शनी सम्पन्न गर्न आफूहरू तयार रहेको बताए ।

वि.सं. २०२२ मा स्थापना भएको नेपाल ललितकला संस्थाले ललितकला प्रदर्शनीसहित सम्मान पुरस्कारको सुरुआत गरेको थियो । वि.सं. २०६६ मा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान स्थापनापछि उक्त प्रदर्शनी नियमितरूपमा हुँदै आएको थियो । यसपालि भने अन्योलको अवस्था सिर्जना हुनु सकारात्मक नभएको कलाकारहरू बताउँछन् । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बेरुजुको चाङभित्रको वित्तीय अराजकता

महालेखापरीक्षकको कार्यालयले भर्खरै सार्वजनिक गरेको ६३औं वार्षिक प्रतिवेदनले नेपालको सार्वजनिक वित्त व्यवस्थापन र राष्ट्रिय अर्थतन्त्रको एउटा निकै डरलाग्दो र निराशाजनक चित्र प्रस्तुत गरेको छ । सरकारी निकायहरूमा हुने अनियमित, अपारदर्शी र कानुनविपरीतको खर्च अर्थात् बेरुजुको ग्राफ बढेर कूल साढे सात खर्ब रूपैयाँ नाघ्नु वित्तीय अराजकताको पराकाष्ठा हो । गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै ८८ अर्ब नौ करोड रूपैयाँ बेरुजु थपिएर कूल बेरुजु सात खर्ब ५५ अर्ब रूपैयाँ पुग्नुले राज्य संयन्त्रभित्र वित्तीय अनुशासन कसरी दिनानुदिन स्खलित हुँदै गइरहेको छ भन्ने कुरालाई छर्लंग पार्छ । सार्वजनिक खर्चको यो भयावह अवस्थाले सुशासनको नारालाई गिज्याइरहेको छ ।

प्रतिवेदनको तथ्यांकलाई सूक्ष्म ढंगले केलाउने हो भने जिम्मेवार निकायहरू नै सबैभन्दा बढी गैरजिम्मेवार देखिएका छन् । संघीय मन्त्रालयहरूमध्ये देशको ढुकुटीको साँचो बोक्ने र आर्थिक सन्तुलन कायम राख्ने मुख्य जिम्मेवारी पाएको अर्थ मन्त्रालयमै कूल संघीय बेरुजुको ७० प्रतिशत अर्थात् ३७ अर्ब ६३ करोड रूपैयाँभन्दा बढी बेरुजु देखिनु विडम्बनापूर्ण छ । लेखापरीक्षणको अंक ठूलो भएकाले बेरुजु धेरै देखिएको भन्दै उम्किने ठाउँ पक्कै छैनह किनकि नियम र कानुनको परिपालनामा अर्थ मन्त्रालय आफैंले अनुकरणीय उदाहरण प्रस्तुत गर्नुपर्ने हो । त्यस्तै, विकास निर्माणको नेतृत्व गर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय दोस्रो स्थानमा रहनुले विकासका नाममा हुने खर्चमा कति ठूलो लापरवाही र नीतिगत विचलन छ भन्ने कुरा प्रमाणित गर्छ ।

भ्रष्टाचार र अनियमितता संघमामात्र होइन, सिंहदरबारको अधिकार गाउँगाउँमा पुग्ने भनिएका स्थानीय तहहरूमा झन् डरलाग्दो गरी संस्थागत हुँदै गएको प्रतिवेदनले देखाउँछ । स्थानीय तहको कूल बेरुजु दुई खर्ब २० अर्ब रूपैयाँ नाघिसकेको छ । जनतासँग प्रत्यक्ष जोडिएका र स्थानीय विकासको जिम्मेवारी पाएका पालिकाहरूमा आर्थिक नियमको धज्जी उडाउनु, म्याद नाघेको पेस्की फर्स्योट नगर्नु र प्रक्रिया नपुर्‍याई खर्च गर्नुले संघीयताको मूल मर्ममाथि नै प्रहार गरिरहेको छ । प्रदेशतर्फ मधेस प्रदेशले बेरुजुमा कायम गरेको शीर्ष स्थान र बागमती प्रदेशले देखाएको सुधारको प्रयासले के स्पष्ट पार्छ भने नेतृत्वमा इच्छाशक्ति र जवाफदेहिता हुने हो भने वित्तीय अनुशासन कायम गर्न असम्भव छैन ।

बेरुजु बढ्नुको प्रमुख कारण दण्डहीनता र कमजोर कानुनी कारबाही हो । महालेखाले बर्सेनि औंल्याउने त्रुटिहरूलाई केवल एउटा वार्षिक कर्मकाण्डका रूपमामात्र लिइने र दोषीमाथि कडा कारबाही नहुने प्रवृत्तिले गर्दा अनियमितता गर्नेहरूको मनोबल बढेको छ । राष्ट्रिय गौरवका आयोजना, खरिद प्रक्रिया र प्रशासनिक खर्चमा हुने आर्थिक स्रेस्ताको कमजोरीलाई बेलैमा नसच्याउने हो भने देश चरम आर्थिक संकटको चक्रव्यूहमा फस्ने निश्चित छ ।

अबको बाटो केवल प्रतिवेदन सार्वजनिक गर्ने र संसद्मा छलफल गर्ने औपचारिकतातर्फ मात्र सीमित हुनु हुँदैन । बेरुजु रकममध्ये असुलउपर गर्नुपर्ने रकमलाई तत्काल राज्यको कोषमा दाखिल गराउन कडा कदम चालिनुपर्छ । प्रक्रिया नपुगेका र सैद्धान्तिक बेरुजुलाई कानुनी दायरामा ल्याएर नियमित गरिनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, आर्थिक नियम मिच्ने र बेरुजु बढाउने पदाधिकारी, कर्मचारी वा जनप्रतिनिधिलाई दण्डित गर्ने कानुनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गरिनुपर्छ । वित्तीय अनुशासन कायम गर्न तत्काल कदम चालौं ।

# नीति तथा कार्यक्रमले खोजेको समृद्धि



❑ सोमनाथ सापकोटा

नेपाल सरकारले संघीय संसद्मा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा गैरआवासीय नेपाली(एनआरएन)हरूलाई उच्च प्राथमिकताका साथ समेट्नु केवल एक औपचारिक नीतिगत घोषणामात्र होइन, यो विश्वभर फैलिएको नेपाली समुदायको योगदान, क्षमता र सम्भावनालाई राष्ट्रिय विकासको मूल प्रवाहसँग जोड्ने दूरदर्शी राष्ट्रिय प्रतिबद्धता हो ।

गैरआवासीय नेपाली संघका दृष्टिकोणबाट हेर्दा यसले नेपाल र विश्वव्यापी नेपाली समुदायबीचको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने महत्त्वपूर्ण आधार तयार गरेको छ । गैरआवासीय नेपालीहरूको भावना, योगदान र क्षमतालाई राष्ट्रिय विकासको मूल प्रवाहसँग जोड्ने सरकारको यो नीति वास्तवमै ऐतिहासिक, दूरदर्शी र स्वागतयोग्य छ ।

दशकौंदेखि विश्वका विभिन्न देशहरूमा नेपालीहरूले आफ्नो मिहेनत, सीप, ज्ञान, उद्यमशीलता र नेतृत्वमार्फत विशिष्ट पहिचान निर्माण गर्दै आएका छन् । आज नेपालीहरू विश्वका प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान संस्था, बहुराष्ट्रिय कम्पनी, प्रविधि उद्योग, वित्तीय संस्था तथा उद्यम क्षेत्रमा नेतृत्वदायी भूमिकामा सक्रिय छन् । उनीहरूको अनुभव, ज्ञान, पुँजी तथा अन्तर्राष्ट्रिय पहुँच नेपालका लागि ठूलो रणनीतिक सम्पत्ति हो । त्यसैले राज्यले अब गैरआवासीय नेपालीहरूलाई केवल रेमिटचान्सको स्रोतको रूपमा नभई 'ग्लोबल नेपाली क्यापिटल'को रूपमा हेर्न थालेको संकेत नीति तथा कार्यक्रममा स्पष्ट देखिन्छ । विशेषगरी 'डायस्पोरा विज्ञ सञ्जाल' तथा 'ज्ञान बैंक' स्थापना गर्ने घोषणा अत्यन्त स्वागतयोग्य र समयानुकूल पहल हो ।

आजको विश्वव्यापी प्रतिस्पर्धाको युगमा राष्ट्रको विकास केवल प्राकृतिक स्रोत वा परम्परागत आर्थिक संरचनालेमात्र सम्भव हुँदैन । ज्ञान, नवप्रवर्तन, प्रविधि, अनुसन्धान र अन्तरािष्ट्रिय नेटवर्क नै आधुनिक विकासका मुख्य आधार बनेका छन् । यस्तो अवस्थामा विश्वभर रहेका नेपाली विज्ञ, वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता तथा उद्यमीहरूको ज्ञान र अनुभवलाई नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणसँग जोड्ने सरकारको प्रयास अत्यन्त महत्त्वपूर्ण छ । गैरआवासीय नेपालीहरूको लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गर्ने सरकारी प्रतिबद्धताले प्रवासी नेपालीहरूलाई नेपालमा लगानी विस्तार गर्न थप प्रेरित गरेको छ ।

नेपालमा आर्थिक रूपान्तरणका लागि अहिले जलविद्युत्, पर्यटन, सूचना प्रविधि, कृषि व्यवसाय, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, स्वास्थ्य, शिक्षा, स्टार्टअप तथा नवप्रवर्तनजस्ता क्षेत्रमा विशाल सम्भावना रहेका छन् । यी क्षेत्रमा विश्वव्यापी अनुभव र अन्तर्राष्ट्रिय पहुँच भएका गैरआवासीय नेपालीहरूको भूमिका निर्णायक हुन सक्छ । उनीहरूले नेपालमा केवल पुँजीमात्र होइन, प्रविधि, व्यवस्थापन क्षमता, बजार पहुँच र नवप्रवर्तन संस्कृतिसमेत भित्र्याउन सक्छन् । यदि स्पष्ट नीति, स्थिर कानुनी संरचना, लगानी सुरक्षा, पारदर्शी प्रशासन र एकद्वार प्रणाली प्रभावकारीरूपमा कार्यान्वयन गर्न सकियो भने नेपाल विदेशी तथा गैरआवासीय नेपाली लगानीका लागि आकर्षक गन्तव्य बन्न सक्छ ।

“ नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रुपमा विकास गर्न 'देवभूमि नेपाल' अभियान अत्यन्त महत्त्वपूर्ण छ । पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथजस्ता धार्मिक गन्तव्यहरुको प्रवर्द्धनले धार्मिक पर्यटनलाई अन्तरािष्ट्रियस्तरमा अझ सुदृढ बनाउने छ । साथै योग, ध्यान, आरोग्य र अवकाश पर्यटनको विस्तारले नेपाललाई बहुआयामिक पर्यटन गन्तव्यका रुपमा स्थापित गर्ने छ । ग्रामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टे (घरबास) विकास नीति अत्यन्त सकारात्मक छ । स्थानीय संस्कृति, परम्परा र जीवनशैलीलाई पर्यटनसँग जोड्दै स्थानीय तथा सीमान्तकृत समुदायको आयआर्जन वृद्धि गर्न यसले महत्त्वपूर्ण योगदान दिने छ ।

नीति तथा कार्यक्रममा उल्लेख गरिएका पुँजीबजार सुधार, धितोपत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनर्संरचना, संस्थागत लगानी विस्तार, पूर्वाधार बण्ड, ऋण तथा बण्ड बजार विकास तथा जोखिम व्यवस्थापन प्रणाली सुदृढीकरणजस्ता कार्यक्रमहरूले नेपालको आर्थिक प्रणालीलाई आधुनिक र विश्वसनीय बनाउने अपेक्षा गरिएको छ ।

विशेषगरी गैरआवासीय नेपाली लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा लगानीको प्रतिफल फिर्ता सुनिश्चित गर्ने प्रतिबद्धताले प्रवासी नेपाली लगानीकर्ताहरूमा नयाँ विश्वास पैदा गर्ने छ । गैरआवासीय नेपालीहरूको नागरिकता, वित्तीय पहुँच, सामाजिक सुरक्षा, लगानी सुरक्षा तथा लोकतान्त्रिक अधिकारसँग सम्बन्धित विषयहरू पनि दीर्घकालीनरूपमा अत्यन्त महत्त्वपूर्ण छन् । 'एकपटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्दै भावी पुस्तासँग नेपालको सम्बन्धलाई संस्थागतरूपमा मजबुत बनाउनु आवश्यक छ । यसले विश्वभर रहेका नेपाली समुदायमा मातृभूमिप्रतिको भावनात्मक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउने छ ।

गैरआवासीय नेपाली संघले विगतदेखि नै नेपाल सरकारसँग सहकार्य गर्दै गैरआवासीय नेपालीहरूको लगानी प्रवर्द्धन, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य, पर्यटन, प्रविधि हस्तान्तरण तथा सामाजिक रूपान्तरणका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । आगामी दिनमा पनि गैरआवासीय नेपाली संघ विश्वभर रहेका नेपालीहरूको ज्ञान, पुँजी, सीप तथा अन्तर्राष्ट्रिय नेटवर्कलाई नेपालको विकास यात्रासँग जोड्न अझ सक्रिय, परिणाममुखी र रणनीतिकरूपमा अघि बढ्ने छ । सरकार, निजी क्षेत्र तथा विश्वव्यापी नेपाली सञ्जालबीच सेतुको भूमिका निर्वाह गर्दै आर्थिक कूटनीति, अन्तर्राष्ट्रिय लगानी सम्मेलन, ज्ञान हस्तान्तरण तथा नेपाल ब्राण्डिङमा यस संघको भूमिका अझ महत्त्वपूर्ण बन्ने छ । आज आवश्यकता केवल लगानी भित्र्याउनेमात्र होइन; विश्वभर फैलिएको नेपाली क्षमताको राष्ट्रिय पुनः संयोजन गर्ने हो । यदि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपाली समुदायबीच विश्वास, सहकार्य, पारदर्शिता र नीतिगत स्थिरता कायम गर्न सकियो भने नेपालले आफ्नो विकास यात्रामा नयाँ अध्याय प्रारम्भ गर्न सक्छ ।

नेपाल सरकारले आव २०८३/८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमले पर्यटन र संस्कृतिलाई देशको आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा अघि सारेको छ । यसले नेपालको प्राकृतिक सौन्दर्य, धार्मिक सम्पदा, सांस्कृतिक विविधता र ऐतिहासिक पहिचानलाई संरक्षण गर्दै अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको छ । सरकारले 'भिजिट नेपाल २०८५' अभियानलाई प्राथमिकतामा राख्दै नेपाललाई विश्व पर्यटन बजारमा प्रतिस्पर्धी गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ । हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको आधुनिकीकरण तथा प्रभावकारी सञ्चालनले पर्यटन आगमन वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान विस्तार गर्ने नीति स्वागतयोग्य छ । डिजिटल भिसा प्रणाली, इ-गेट प्रविधि तथा अनलाइन अध्यागमन सेवाले पर्यटक अनुभवलाई सहज, छिटो र आधुनिक बनाउने छ । एकद्वार डिजिटल पर्यटन प्रणालीले सेवा प्रवाहलाई एकीकृत गर्दै नेपालको पर्यटन प्रणालीलाई प्रविधिमैत्री बनाउने छ ।

नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न 'देवभूमि नेपाल' अभियान अत्यन्त महत्त्वपूर्ण छ । पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथजस्ता धार्मिक गन्तव्यहरूको प्रवर्द्धनले धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा अझ सुदृढ बनाउने छ । साथै योग, ध्यान, आरोग्य र अवकाश पर्यटनको विस्तारले नेपाललाई बहुआयामिक पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने छ । ग्रामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टे (घरबास) विकास नीति अत्यन्त सकारात्मक छ । स्थानीय संस्कृति, परम्परा र जीवनशैलीलाई पर्यटनसँग जोड्दै स्थानीय तथा सीमान्तकृत समुदायको आयआर्जन वृद्धि गर्न यसले महत्त्वपूर्ण योगदान दिने छ । पाँच हजार नयाँ होमस्टेलाई 'नेपाल होमस्टे' ब्राण्डिङसहित डिजिटल प्लेटफर्ममा आबद्ध गर्ने योजना उल्लेखनीय छ ।

साहसिक पर्यटन क्षेत्रमा नेपाललाई विश्वस्तरीय गन्तव्य बनाउने लक्ष्य पनि नीति कार्यक्रममा स्पष्ट छ । पर्वतारोहण, ट्रेकिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बञ्जी जम्प र स्काइडाइभिङजस्ता गतिविधिहरूलाई सुरक्षा मापदण्ड र अन्तर्राष्ट्रिय प्रवर्द्धनसँग जोडिने छ । साथै, इको-टुरिजम विकासले दिगो पर्यटन प्रणालीलाई थप मजबुत बनाउने छ । क्षेत्रीय सन्तुलनका लागि कर्णाली, सुदूरपश्चिम, मधेस र कोशी प्रदेशलाई विशेष प्राथमिकतामा राखी नयाँ पर्यटकीय गन्तव्य विकास गर्ने नीति महत्त्वपूर्ण छ । हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा पदमार्ग विकासले आन्तरिक तथा बाहृय पर्यटन विस्तारमा योगदान पुर्‍याउने छ ।

समग्रमा आव २०८३/८४ को नीति तथा कार्यक्रमले नेपाललाई पर्यटन, संस्कृति र आध्यात्मिकताको विश्वस्तरीय केन्द्रका रूपमा स्थापित गर्ने स्पष्ट दिशा दिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपालीबीचको सहकार्य अझ सुदृढ हुनु अपरिहार्य छ । आजको आवश्यकता केवल लगानी भित्र्याउनेमात्र होइन, विश्वभर फैलिएको नेपाली क्षमताको राष्ट्रिय पुनः संयोजन गर्ने पनि हो । यदि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपाली समुदायबीच विश्वास, सहकार्य, पारदर्शिता र नीतिगत स्थिरता कायम गर्न सकियो भने नेपालले आफ्नो विकास यात्रामा नयाँ अध्याय प्रारम्भ गर्न सक्छ । *रासस*

*(लेखक गैरआवासीय नेपाली संघका प्रवक्ता तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।

## पाठक मञ्च

### जेन-जी आन्दोलनः नेतृत्व परिवर्तनमै सीमित हुने डर !

भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शन अझै पनि आमनागरिकको मानसपटलमा ताजै छ । केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धको विरोधमा सुरु भएको सो प्रदर्शनले सत्ता उलटपुलट पार्‍यो । त्यो प्रदर्शनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर (हालका प्रधानमन्त्री) वालेन्द्र शाहको ऐक्यबद्धता थियो ।

रवि त्यतिबेला सहकारी ठगीको मुद्दामा नख्खु कारागारमा थिए । कारागारबाटै उनले जेन-जी आन्दोलनलाई समर्थन गरे । २८ वर्षमुनिका किशोरकिशोरी, युवायुवतीलाई प्रदर्शनमा आउन भनिएको थियो । उनीहरूको आह्वानस्वरूप जेन-जीहरू प्रदर्शनमा सहभागी थिए । प्रदर्शनमा सहभागी भएकामध्ये अधिकांश स्कुल र कलेजकै ड्रेसमा थिए । झोला बोकेर नाराबाजी गर्दै उनीहरू आन्दोलनमा आइपुगेका थिए ।

प्रश्न उठ्छ- पढ्न भनेर घरबाट निस्किएका विद्यार्थी कसरी आन्दोलनमा आइपुगे ? आन्दोलनमा जान विद्यालयले कसरी अनुमति दियो ? नेपालको कानुनले विद्यार्थीलाई कुनै पनि आन्दोलनको कार्यक्रममा सहभागी गराउन नपाउने व्यवस्था गरेको छ । विद्यार्थीहरू आन्दोलनमा गएमा त्यसको जिम्मा स्कुलले लिनुपर्छ । दुई दिने प्रदर्शनमा देशभर ७६ जनाको मृत्यु भयो । हजारौं घाइते र अंगभंग भए । जसमा अधिकांश विद्यार्थी छन् ।

राज्यले जम्मा ४५ जनालाई सहिद घोषणा गर्‍यो । तिनलाई १५ लाख रूपैयाँको दरले क्षतिपूर्ति उपलब्ध गराइयो । तर, अन्यको मृत्युलाई सरकारले बेवास्ता गर्‍यो । रास्वपा सभापति लामिछाने कारागारबाट निस्किएपछि अन्य कैदीबन्दी पनि निस्किए । सो क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागेर पाँच जनाको ज्यान गएको छ । यता, बाल सुधार गृहमा भागदौड हुँदा पाँच बालकको मृत्यु भएको छ ।

राज्यले आफैंले गोली चलाएर मारेकाहरूलाई सहिद घोषणा गरेन । भाटभटेनीमा जलेर मरेकाहरूको हकमा पनि त्यही भयो । न सहिद घोषणा गरियो न क्षतिपूर्ति दिइयो । जेन-जी घाइतेको उपचारमा राज्यकोषबाट अर्बौं रूपैयाँ खर्च भएको छ । सरकारले घाइतेको वर्गीकरण सकाएको छ । वर्गीकरणअनुसार घाइतेहरूले मासिक नौदेखि १८ हजार रूपैयाँ भत्ता पाउने व्यवस्था गरिएको छ ।

जेन-जी प्रदर्शनमा सरकारीतर्फ ८४ अर्ब ७७ करोड ४५ लाख रूपैयाँबराबरको क्षति भएको छ । जनताले तिरेको करबाट निर्माण भएको भौतिक संरचना र गाडी खरानी भएको छ । ती भौतिक संरचना निर्माण गर्दा पहिलेभन्दा दोब्बर खर्च लाग्छ । गाडी खरिदका लागि फेरि छुट्टै बजेट विनियोजन गर्नुपर्ने हुन्छ । निजी सम्पत्तिमा २७ खर्ब रूपैयाँको क्षति भएको आँकडा निकालिएको छ ।

फागुन २१ को निर्वाचनपछि वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भयो । त्यसको दुई महिना नबित्दै खर्बौं ऋण थपिएको छ । सरकारले चारपटक ऋण स्वीकृत गरिसकेको छ । पुरानै सरकारले लिएको ऋण ३२ खर्ब रूपैयाँ छ । निर्माण व्यवसायीको ४५ अर्ब, स्वास्थ्य बिमाको ४३ अर्ब, कोरोना उपचारको २४ अर्ब तथा दूध र उखु किसानको सात अर्ब रूपैयाँ बक्यौता भुक्तानी गर्न सकिएको छैन । आव २०८२/८३ को बजेटमा १५ खर्ब ४० अर्ब ८४ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य थियो । त्यो बजेट कार्यान्वयनमा गएको १० महिना भयो । तर, जम्मा सात खर्ब रूपैयाँमात्र राजस्व उठ्यो । जबकि, खर्चचाहिँ १२ खर्ब रूपैयाँ भएको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदीय समितिको बैठकमा बोल्दै राज्य सञ्चालन गर्न एक आर्थिक वर्षमा १३ खर्ब ३० अर्ब रूपैयाँ खर्च लाग्ने बताएका थिए । सात खर्ब रूपैयाँमात्रै राजस्व उठ्ने बताउँदै उनले स्रोत जुटाउने चिन्ता व्यक्त गरेका थिए । राजस्व उठाउने ठाउँ नै नभएको उनको जिकिर थियो ।

सबै पार्टी देश बनाउने नारा लगाउँछन् । तर, कहिले बन्छ देश ? जेन-जीहरूले ३६ वर्षसम्म पुराना दलले केही गरेनन्, देश लुटेर खाए भनेर विरोध गरे । देश खरानी बनाए । अहिले त जेन-जीले रोजेकै सरकार बनेको छ । सरकार गठनको पनि दुई महिना हुन लागिसक्यो । यो सरकार पनि 'हात्ती आयो, हात्ती आयो, फुस्सा' बन्छ जस्तो छ । यो सरकार आगोमाथि हिँडेको छ ।

सरकार सामुन्ने धेरै चुनौती छन् । ती चुनौती पार गरेर देश बनाउन वालेन्द्र सरकारसँग के योजना छ ? रास्वपाले देश बनाउँछु भनेर भोट मागेको छ । त्यसैले जनताले १८२ सिट दिएको छ । सिट जितेरमात्र हुँदैन, काम गर्ने क्षमता चाहिन्छ । बोल्न सजिलो छ, काम गर्न धेरै गाह्रो । नबोल्दै र कालो चश्मा र लुगा लाउँदैमा देशमा विकास हुँदैन । विकास गर्नका निम्ति पैसा चाहिन्छ, योजना चाहिन्छ । जुन राज्यसँग छैन । सरकारले देशमा विकास गर्ने हो भने राजस्वको स्रोत खोज्नै पर्छ । खर्च कटौती गर्नै पर्छ । उद्योग, कलकारखाना स्थापनामा जोड दिनुपर्छ ।

**- अनुसा थापा**
भक्तपुर

# प्रकृतिको आराधनासँगै उभौली समापन



■ संगीता राई

**धरान (सुनसरी)–**

*गैरी गाउँको ढोडे ना उखु, भाचौना भाचौं लाग्छ ।*
*ढोल झ्याम्टाको सुरैमा सुन्दा नाचौना नाचौं लाग्छ ॥*
*सानोमा सानो सिक्किमे भाले, कर्दैमा जनले रेटौं ।*
*दिनैमा भरि रमरसै गयौं छ महिनामा भेटौं ॥।*

शनिबार बिहानैदेखि साकेला थानमा यी र यस्तै गीत गाउँदै ताल मिलाएर नाच्नेहरूको लस्करै थियो । धरान उपमहानगरपालिका-१३ की करुणा किरातीले भनिन्, 'उभौली साकेला हाम्रो संस्कृतिसँग जोडिएको छ, साकेलाले हामी जस्तो नयाँ युवापुस्तालाई मौलिक परम्परा, सामूहिकता र प्रकृतिप्रतिको सम्मानबारे पनि सचेत बनाउँदै आएको छ ।'

त्यसैले साकेलाको समयमा आफूहरू सधैंझैं साथीसँग आफ्नो मौलिक गहना र पहिरनमा नाच्न जाने गरेको उनले सुनाइन् । आफ्नो पुर्खाले मान्दै आएका चाडपर्वहरू बिर्सिनु हुन्न भन्ने हिसाबले पनि प्रत्येक छ महिनामा मनाइने उभौली र उधौली नाच्ने गरेको करुणाले बताइन् ।

देशभर भूमेस्थानमा पूजा आराधना गरी वैशाख शुक्ल पूर्णिमादेखि सुरु भएको साकेला किराँत राई समुदायले प्रत्येक वर्ष मनाउने गरेको साकेला शनिबार धरान उपमहानगरपालिका-१७ स्थित साकेला पार्कका हर्सोउल्लासका साथ समापन गरिएको छ । उभौली चाड प्रकृतिपूजक वा अर्को शब्दमा धर्तीपूजक अर्थात् नेपालका किराँत समुदायभित्रका विभिन्न जातिले मनाउने प्रसिद्ध चाडको रूपमा लिइन्छ ।

दौरासुरुवाल र टोपीमा सजिएका युवा र गुन्युचोली, लाछा, शिरबन्दी, चेप्टे सुन, पैसाको हारी माला, नौगेडीजस्ता गरगहनामा सजिएका युवती हातमा ढोल, झ्याम्टा र चम्मर बोकेर गीतमा लय मिलाउँदै नाच्न व्यस्त थिए । छातीमा पेचुरी धजुरी, वाबु, बुन्छत र मुर्चुंगा झुण्ड्याएका युवायुवती ढोल झ्याम्टाको तालमा विभिन्न चरा चुरुंगी र जीवजनावारको हाउभाउ गर्दै नाच्न व्यस्त थिए । अहिले साकेला थानमा युवापुस्ताकै बाक्लो उपस्थिति देखिन्छ ।

साकेला प्रशिक्षक विवेक राई भन्छन्, 'एक दशकभन्दा बढी भयो साकेला नाच्न सुरु गरेको, हामी सानो हुँदा बाजेले साकेलाको बेला कसरी पूजा गरिन्छ र साकेला कसरी नाचिन्छ भन्ने कुरा सबै सिकाउनुहुन्थ्यो ।'

वैशाख पूर्णिमाका अवसरमा १५ दिनदेखि एक महिनासम्म साकेला उभौली पूर्वका विभिन्न ठाउँमा मनाइन्छ । ढोलझ्याम्टा, हातमा च्याम्बर लिएर साकेला नाच्दै किरात राई समुदायले उभौली चाड समापन गरेका छन् । वैशाख १८ गते धरान उपमहानगरपालिका-१४ विजयपुरस्थित किरातको विरासत बोकेको हाङ बुद्धिकर्ण राईको दरबारक्षेत्रमा ढोल झ्याम्टा पुकाई पूजाआजा गरी सुरु गरिएको साकेला अहिलेसम्म विभिन्न वडाहरूले २६ भन्दा बढी कार्यक्रम सम्पन्न गरिसकेपछि शनिबार किराँत राई यायोक्खा जिल्ला कार्यसमिति सुनसरीको आयोजनामा वडास्तरीय साकेला सिली प्रदर्शनीसाथै प्रकृति पुज्दै साकेला उभौली समापन गरिएको किराँत राई यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राईले बताए ।

साकेला समापनका अवसरमा सहभागीहरू सांस्कृतिक भेशभूषामा सजिएका थिए । साकेला थानमा पितृभूमिको पूजाआजा गरेपछि साकेला गीतको भाकामा हात र खुट्टाले भाका टिप्दै साकेला नाच्न सुरु गरिन्छ । साकेला उभौली, उधौली विशेषगरी नाचमा मानवको जन्मदेखि मृत्युसम्मका र हरेक पशुपक्षीको क्रियाकलापलाई चित्रण गर्दै साकेला सिली नाच्ने परम्परा रहिआएको छ । साकेला चाड र साकेला नाचको सुरुआतका विषयमा विभिन्न ठाउँअनुसार फरक-फरक मिथक र बूढापाखाहरूको भनाइहरू पाइन्छन् ।

साकेला किराँत राईहरूको पहिचानसँग जोडिएको छ, जसलाई आफ्नो आस्थाको देवतालाई आफ्नै तरिकाले पुज्ने र पूजालाई महान् चाडका रूपमा लिने चलन किराँत समुदायमा रहिआएको छ । यसलाई विशेष अवसर मानेर किराँत राई महिला तथा पुरुष मौलिक सांस्कृतिक पहिरनमा सजिएर नाच्ने गरिन्छ ।

विशेषगरी यसको सुरुआतका विषयमा किराँत समुदायमा ठाउँअनुसार आ-आफ्नै तर्क र भनाइहरू भेटिन्छन् । यद्यपि, किराँत समुदायको आदिम पुर्खा खोक्चिलिपु, तायामा र खियामाले यसको सुरुआत गरेको किंवदन्तीमा उल्लेख भएको भेटिन्छ । पछिल्लो समय साकेला टोलटोलमा र चोकचोकमा नाच्ने प्रचलन उत्तिकै बढेको छ ।

वैशाख महिनादेखि दिन लामो हुने र गर्मी महिनाको सुरु भएपश्चात् चिसो भू-भागतर्फ पनि तातो हुँदै जाने हुनाले पहाडी तथा हिमाली भेगका मानिसलगायत गाई वस्तुगोठ पनि माथितिर सार्ने थाल्ने चलन अहिले पनि छ । चिसोयामको सुरुआतसँगै बासस्थान तलतिर सर्ने र तातो मौसम सुरु हुँदा माथि लाग्ने जीवनशैलीको प्रतिनिधित्व तथा सम्झना गराउने यस चाडले मौसमअनुसार तल (उधौं) वा (उभौं) बास्थान सर्ने चलन थोरै नै भए पनि नेपालका केही भागमा अझै पनि यथावत् नै रहेको बूढापाखाहरूको भनाइ छ ।

विशेषगरी बाली लगाउनुअघि गाउँगाउँमा रहेका भूमेस्थानमा राम्रोसँग काम होस् भनी प्रकृतिको पूजा आराधना गरिने परम्परा रहेको छ । मंसिर महिनामा उधौली एक दिन मनाइन्छ भने वैशाख पूर्णिमाका दिनदेखि सुरु भएको उभौली झण्डै एक महिनासम्म मनाइन्छ ।

उभौली विशेषगरी तराई वा मधेसतिर गर्मी बढ्दै जाँदा माथिल्ला पहाडी र हिमाली भूभागहरूमासमेत मौसम तातिँदै जान्छ । यसरी गर्मी बढ्दै जाँदा वैशाख शुक्ल पूर्णिमादेखि चराचुरुंगीलगायत जंगली जनावर पनि उँभो लाग्ने किराँत समुदायको विश्वास छ । नदीमा माछा पनि गर्मीबाट बच्न बेँसीको नदीबाट लेकतिर लाग्छन् भन्ने बूढापाखाको भनाइ छ ।

मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन बाली भित्रयाएर जाडो छल्न बेँसी झरेका मानिस पनि उँभो लाग्छन् । उँभोको अर्थ खेतीपाती राम्रो होस्, धेरै होस्, उन्नति होस् भन्ने पनि रहेको भनाइ छ । यसै कारणले वैशाख पूर्णिमामा किराँत समुदायद्वारा मनाइने यस चाड 'उभो' शब्दबाट प्रेरित भएर 'उभौली' को नामले चिनिने तथा मनाइने गरिएको भनाइ छ ।

यस दिनलाई किराँत समुदायले सुम्निमा अर्थात् देवी पार्वतीको सृष्टि भएको दिनका रूपमा पनि मान्ने गरेका छन् । सांस्कृतिक दृष्टिले पनि अत्यन्तै महत्त्वपूर्ण रहेको किराँत समुदायभित्रका चाम्लिङ, बान्तावा, सुनुवार, राई, याक्खा, लिम्बूलगायत जातिहरूले यस उभौली चाडलाई महान चाडका रूपमा मनाउने गरेका छन् । *रासस*



**साविञी पर्व** | धनुषाको विदेह नगरपालिका-८ बफैस्थित तपेश्वरी स्थानमा शनिबार बिहान वरको रूख पूजा गरेर वट सावित्री पर्व मनाउँदै स्थानीय विवाहित महिला । *तस्बिर: चन्द्रदेव साह/रासस*

# पनौती सरसफाइ अभियान सात वर्षदेखि निरन्तर

**काभ्रेपलाञ्चोक–** सात वर्षदेखि महिला समूहको सक्रियतामा काभ्रेपलाञ्चोकको पनौतीमा 'क्लिन पनौती: ग्रिन पनौती' अभियान सञ्चालन गर्दै आइएको छ । अभियान्ता समूहले प्रत्येक शनिबार ऐतिहासिक एवं पुरातात्त्विक पनौती नगरक्षेत्रस्थित रोशी खोला र पुण्यवती खोला सरसफाइ अभियान सञ्चालन गर्दै आएको हो ।

शनिबार अभियानको ३७६औं हप्ता पुगेको छ । स्थानीय काभ्रेली सक्रिय महिला संगठनद्वारा २०७५ फागुन १८ गतेदेखि अभियान सुरु गरिएको थियो । प्रत्येक शनिबार निरन्तर सञ्चालन हुँदै आएको सरसफाइ अभियानअन्तर्गत शनिबार पनि स्थानीय अगुवाहरूको सक्रियतामा त्रिवेणीघाट तथा पुण्यवती खोला क्षेत्र सरसफाइ गरिएको छ ।



'सुरुआतको चरणमा हामी महिलामात्रै सहभागी थियौं, पछिल्ला केही वर्षदेखि स्थानीयले सरसफाइमा सहयोग गर्दै आएका छन्,' अभियन्ता सुमित्रा आचार्यले भनिन् । उनकै अध्यक्षतामा समूह गठन गरी सरसफाइ थालिएको थियो । ऐतिहासिक महत्त्व बोकेको पनौती क्षेत्र धार्मिक पर्यटनका हिसाबले निकै महत्त्वपूर्ण क्षेत्रको सरसफाइ गर्नु स्थानीयको कर्तव्य हुने भएकाले सरसफाइ अभियान सञ्चालन गरिएको आचार्यले बताइन् । 'सरसफाइ अभियान धार्मिक पर्यटनको थप प्रचाप्रसारको उद्देश्य पनि हो,' उनले भनिन्, 'अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिनेछौं ।'

पनौती नगरको ऐतिहासिक एवं पर्यटकीय क्षेत्र दुई खोला समेटिएको वडा ४, ६ र ७ नं पर्दछ । पनौती त्रिवेणी नागरिक सरसफाइ अभियान नाम दिएर चार वर्षअघि सरसफाइ थालिएको हो । प्रत्येक १०० हप्तामा सरसफाइ महोत्सव आयोजना गरी ठूलो जनसहभागिता जुटाउँदै सरसफाइ एवं प्लेकार्ड बोकेर जनचेतनाका लागि पनौती बजार परिक्रममा गर्दै आइएको अभियन्ता आचार्यले जानकारी दिइन् ।

स्थानीय गीता तिमल्सिनाले अभियान सफल हुँदै जानुका साथै नागरिकमा धार्मिक तथा ऐतिहासिक सम्पदा वरपर सरसफाइ गर्नुपर्ने विषयमा सचेतना बढ्दै गएको बताइन् । 'स्थानीय महिलाको सक्रियतामा सरसफाइ अभियान ३५० भन्दा बढी हप्ता पुग्नु गौरवको विषय हो,' उनले भनिन् । जिल्लामा सबैभन्दा बढी मठमन्दिर रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्त्व बोकेको पनौती विश्व सम्पदामा सूचीकृतको प्रक्रियामा छ ।

पनौतीमा प्रत्येक १२ वर्षमा एकमहिने मकर मेला लाग्दछ भने प्रत्येक वर्षको जेष्ठ त्रयोदशीदेखि पूर्णिमासम्म ज्या: पुन्हि अर्थात् हिलेजात्रा धुमधामसँग मनाउँदै आइएको छ ।

राजा प्रताप मल्लले विसं १२७ मा काठमाडौंमा रानीपोखरी बनाइसकेपछि विभिन्न तीर्थस्थलको जल राख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख छ । किंवदन्तीअनुसार तीन नदीको संगमस्थल त्रिवेणीघाटमा भनिएको स्थलमा पुण्यमाता र रोशी खोलाबाहेक पद्ममावती नदी गुप्तरूपमा बहिरहेको मान्यता छ । भारतको प्रयागमा गंगा र यमूना नदीको संगममा गुप्तरूपले सरस्वती मिसन नदी बहेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुण्यमाता नदीलाई लिलावती र गुप्तरूपले बहेकी ब्रम्हायणी मन्दिरको मुनिबाट दूध बग्ने नदीलाई पद्ममावती मानिँदै आइएको छ । *रासस*

# टीकापुरमा सहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सञ्चालन

**टीकापुर–** कैलालीको टीकापुरमा शुक्रबारदेखि सहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सञ्चालन भएको छ । केन्द्रमा मेडिकल अधिकृत अभिनन्दन शाहको नेतृत्वमा आठ जना स्वास्थ्यकर्मीले सेवा दिने छन् ।

केन्द्रबाट विशेषज्ञबाट दैनिक बिरामी जाँच, परामर्श, ल्याब, फार्मेसीलगायत आधारभूत सबै सेवा उपलब्ध हुने छन् । यहाँबाट सिकलसेलका बिरामीको निदान र परामर्शमा प्राथमिकता दिइने छ । सेवा सुरु भएपछि कार्यवाहक नगरप्रमुख रामबहादुर नगार्जीले यहाँबाट सेवा लिन बिरामीलाई सहज हुने बताउँदै कर्मचारीलाई मुस्कानसहितको सेवा दिन अनुरोध गरे ।

प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले एक वर्षको तयारीपछि सेवा सुरु भएको बताउँदै सिकलसेल उपचारलाई प्राथमिकता दिन र निम्न वर्गका मानिसलाई आधारभूत सेवामा सहज पहुँच पुऱ्याइने बताए । 'लोककल्याणकारी राज्यको अवधारणाअनुसार सेवा सुरु गरिएको हो,' उन भन्छन्, 'यहाँबाट ल्याब, सहुलियत दरमा औषधि उपलब्धलगायत सेवा थालिएको छ । यसले टीकापुर अस्पतालमा बिरामीको चाप घटाउन पनि सहयोग हुने छ ।'

वडा नं १ का वडाध्यक्ष मोहन लुहार विकले थारु जातिमा सिकलसेलको समस्या बढ्दै गएकाले उपचारात्मक र प्रवर्द्धनात्मक हिसाबले उपचार र परामर्श दिन, रोग लाग्नबाट बच्न सचेतना जगाउन सहयोग हुने बताए । 'सिकलसेलको समस्या विशेषगरी थारु जातिमा देखिएको छ,' उनी भन्छन्, 'यहाँ कैलालीका अन्य पालिका र लुम्बिनी प्रदेशका नागरिकले पनि सेवा लिन सक्ने छन् ।'

टीकापुर अस्पतालका अध्यक्ष रामबहादुर भण्डारीले स्वास्थ्य क्षेत्रमा अर्को उपलब्धि हासिल भएको बताउँदै सिकलसेलका बिरामीलाई उपचारमा विभिन्न समस्या भइरहेका बेला सिकलसेललाई प्राथमिकता दिएर स्वास्थ्य संस्था स्थापना भएकाले सहज हुने बताए ।

पालिकाले कार्यविधि बनाएर नगरस्तरीय सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन गरेको हो । केन्द्रमार्फत विशेषज्ञ सेवा, सिकलसेलका बिरामीको निदान, उपचार गर्नुका साथै स्वास्थ्य सचेतनाका क्षेत्रमा काम गर्ने जनस्वास्थ्य निरीक्षण केवलसिंह सार्की बताउँछन् ।

'कोभिड महामारीका बेला बनेको बहुउद्देश्यीय भवनलाई सदुपयोग गरी सेवा थालिएको छ,' उनी भन्छन्, 'हामीले उपचारसँगै सचेतना र रोकथामका क्षेत्रलाई प्राथमिकता दिएर सेवा दिनेछौं ।'

यसअघि पालिकाका १० स्थानमा स्वास्थ्य संस्थामार्फत सेवा दिइँदै आइएको थियो । टीकापुर नगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाको संख्या अब ११ पुगेको छ भने यहाँ प्रादेशिक टीकापुर अस्पताल छ । विशेषगरी सिकलसेल बिरामीलाई सेवा दिने उद्देश्यले यो प्रवर्द्धन केन्द्र स्थापना गरिएको स्वास्थ्य शाखाका सहसंयोजक सिनियर अहेब अधिकृत कमलबहादुर रावलले बताए । *रासस*

# प्रयोगात्मक सीप विकासका लागि विद्यालयद्वारा तरकारीखेती विस्तार

**म्याग्दी–** जिल्लाको रघुगंगा गाउँपालिका-२ भगवतिस्थित मुक्तिधाम माध्यमिक विद्यालयले प्रयोगात्मक सीप विकासका लागि तरकारीखेती विस्तार गरेको छ । प्रयोगात्मक अभ्यास, चमेनागृह र छात्रावासका लागि आवश्यक पर्ने तरकारी आपूर्तिका साथै विद्यार्थीमा व्यावसायिक र प्रयोगात्मक ज्ञान, सीप विकास गराउने उद्देश्यले तरकारीखेती विस्तार गरिएको हो ।

मुक्तिधाम माविका प्रधानाध्यापक अमरबहादुर खत्रीले वार्षिक २५ हजार रूपैयाँ तिर्नेगरी भाडामा लिएर चार रोपनी जमिनमा लगाइएको तरकारीले चमेनागृह र छात्रावासको माग धान्नाका साथै बिक्री गरेर विद्यार्थीले खाजा खर्च जुटाउने गरेका बताए । यसले विद्यार्थीमा प्रयोगात्मक सीप विकास गर्नाका साथै आत्मनिर्भर बन्न प्रेरित गर्ने उनले विश्वास व्यक्त गरे ।

'कक्षा ९ देखि १२ सम्म कृषि प्राविधिक अध्ययन गर्ने ५० जना विद्यार्थीले प्रयोगात्मक अभ्यासका लागि तरकारीखेती गरेर व्यावहारिक र व्यावसायिक ज्ञान, सीप हासिल गर्नाका साथै बिक्री भएको आम्दानीबाट खाजा खर्च जुटाएका छन्,'



प्रअ खत्रीले भने, 'चमेनागृह र छात्रावासका लागि आवश्यक तरकारी विद्यालयकै करेसाबारीको उत्पादनले पुगेको छ ।'

करेसाबारीमा बन्दा, काउली, टमाटर, साग, सिमी, करेला, घिरौला, अकबरे खुर्सानी, काँक्रो, ब्रोकाउली, जुकेनीलगायत मौसमी र बेमौसमी विभिन्न जातका तरकारीखेती भइरहेका छन् । 'बिरुवा पनि विद्यालयले तयार पार्दै आएको छ । तीनवटा प्लास्टिकको टनेल बनाइएको छ,' उनले भने ।

गँडचौलाको प्रयोग गरेर करेसाबारीमा आवश्यक पर्ने प्रांगारिक मल विद्यालय आफैंले उत्पादन गरेको कृषि प्राविधिक विषयका प्रशिक्षक गणेश चोखालले बताए । 'विद्यालयको फोहोर, फालिएका कापी किताब, च्याउखेतीमा प्रयोग भएको पराल र करेसाबारीको झारपातलाई गँडचौला भएको खाडलमा कुहाएर मल बनाउने गरेका छौं,' उनले भने, 'विद्यालय भवनको एउटा कोठामा काठको मुढामा सिताके जातको च्याउखेती पनि गरेका छौं ।'

मुक्तिधान माविबाट कृषि प्राविधिक विषयमा एसइई परीक्षा उत्तीर्ण गरेर कक्षा ११ मा भर्ना हुने तयारी गरेकी रेजिना भण्डारीले करेसाबारीमा काम गर्दा कक्षा कोठामा पढेको विषयवस्तु बुझ्न र सम्झन सजिलो भएको बताइन् । वि.सं. २००६ मा स्थापना भएको मुक्तिधाम माविले २०६५ सालदेखि कक्षा १२ सम्म र २०७२ देखि कृषि प्राविधिक विषयको पठनपाठन सञ्चालन गर्दै आएको हो ।

हाल ३५० जना विद्यार्थी अध्ययनरत रहेका मुक्तिधाममा कक्षा ६ देखि ८ सम्म विज्ञान, कम्प्युटर र गणित विषयलाई अंग्रेजी माध्यमबाट पठनपाठन भइरहेको छ । यस वर्ष बेनी, पोखरा र निजी विद्यालयबाट पनि मुक्तिधाममा अध्ययनका लागि विद्यार्थी आएका प्रअ खत्रीले जानकारी दिए । विद्यालयमा पछिल्लोपटक संघीय सरकारको सहयोगमा छात्रावास भवन र रघुगंगा गाउँपालिकाको आर्थिक सहयोगमा सभाहल निर्माण गरिएको छ । *रासस*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८५०० | प्रति तोला – ० | प्रति तोला – ५३९० |



**इन्द्रचोकमा किनमेल** | काठमाडौँस्थित इन्द्रचोकमा शनिबार बिहान तरकारी, फलफूललगायत सामाग्री किनमेल गर्दै सर्वसाधारण ।

*तस्बिर : हरिराम भेटुवाल/ रासस*

# चिनीमा आत्मनिर्भरताका लागि उत्पादन बढाउने योजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले चिनीमा परनिर्भर हुनुपर्ने विद्यमान अवस्था अन्त्यका लागि उन्नत जातका उखुमार्फत उत्पादन वृद्धिको योजना अघि सारिएको स्पष्ट पारेको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयमार्फत नेपालमा सञ्चालित चिनी उद्योगको उत्पादन क्षमता अभिवृद्धिका लागि सबै पक्षको समन्वयमा किसानलाई उखु खेतीमा आधुनिक प्रविधिको प्रयोगका सम्बन्धमा सहजीकरण गर्ने तयारी भइरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

भारत सरकारले हालै चिनी निर्यातसम्बन्धी नीतिगत व्यवस्थामा परिवर्तन गरी निर्यातमा प्रतिबन्ध लगाएको परिस्थितिका बीच सरकारले उक्त तयारी थालेको हो । आम उपभोक्ताको हित, बजार मूल्यको स्थिरता तथा चिनीको सहज उपलब्धताका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले हालै नेपाल चिनी उत्पादक संघका पदाधिकारी र सरोकारवाला मन्त्रालय/निकायका प्रतिनिधिसँग छलफल गरेको मन्त्रालयले जनाएको छ ।

सरकारले दीर्घकालीन रूपमा चिनीमा आत्मनिर्भरताका लागि चिनी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने योजना बनाएको छ । उद्योगीहरूले पनि बजारमा चिनीको सहज तथा सुलभ मूल्यमा नियमित आपूर्ति गर्ने प्रतिबद्धता जनाएका छन् । बजारमा चिनीको अभाव हुन नदिन आपूर्ति मन्त्रालयले उत्पादन प्रवर्द्धन, आपूर्ति व्यवस्थापन, बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । उद्योगी-व्यवसायीले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, स्वच्छ बजार र उपभोक्ता हित संरक्षणमा सहयोग पुऱ्याउनेछन् ।

आमनागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राखे चिनीलगायत अत्यावश्यक वस्तुको आपूर्ति तथा मूल्य स्थिरता कायम गर्न पूर्णरूपमा प्रतिबद्ध रहेको आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले जानकारी दिए ।

नेपालमा सञ्चालित चिनी उद्योगमा भएको मौज्दात तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले आयात गरेको चिनीले करिब आठ महिनाको माग पूरा उद्योग मन्त्रालयले जनाएको छ । मन्त्रालयले उपभोक्ता एवम् सरोकारवालामा चिनीको अनावश्यक सञ्चिति नगर्न तथा चिनीको उपलब्धता र आपूर्ति सम्बन्धमा कुनै किसिमको अन्योलमा नपर्न पनि अनुरोध गरेको छ ।

## 'चिनीको मौज्दात पर्याप्त'

**काठमाडौं (प्रस)–** भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाउने निर्णय गरे पनि नेपालमा चिनी अभाव नहुने नेपाल चिनी उद्योग संघले जनाएको छ । संघले एक विज्ञप्ति जारी गर्दै स्वदेशी उद्योगहरूमा पर्याप्त चिनी मौज्दात रहेकाले उपभोक्ताहरूलाई चिन्तित नहुन आग्रह गरेको हो ।

संघका अनुसार चालु क्रसिङ सिजनमा सञ्चालनमा आएका १३ वटा चिनी उद्योगहरूबाट करिब १ लाख ९० हजार ८ सय ७० टन चिनी उत्पादन भएको छ । जसमध्ये २८ वैशाखसम्मको तथ्यांक अनुसार उद्योगहरूसँग अझै १ लाख ८ हजार टन चिनी मौज्दात छ ।

उद्योगीहरूको मौज्दात बाहेक बजारमा व्यवसायीहरूसँग करिब २० हजार टन र चालु आर्थिक वर्षमा आयात भएको करिब ६० देखि ७० हजार टन चिनी बजारमा उपलब्ध रहेको संघले जानकारी दिएको छ । यसका साथै खुला सिमानाबाट समेत चिनी आयात भइरहेकाले आगामी क्रसिङ सिजनसम्मका लागि नेपालमा चिनी उपलब्धता पर्याप्त रहेको संघको दाबी छ ।

# बाली संरक्षणमा सतर्कता अपनाउन किसानलाई आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि विभागले केही दिनदेखि मौसममा आएको फेरबदलका कारण भण्डारण गरिएका अनाज तथा खेती गरिएका बाली संरक्षणका लागि किसानलाई सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागले मनसुन अगावै हालसम्म देशका अधिकांश ठाउँमा सरदरभन्दा बढी पानी परेकाले भण्डारण गरी राखिएका अन्न बाली, दाल बालीमा चिस्यानको समस्या आउने भएकाले किसानलाई उत्पादित वस्तुमा क्षति न्यूनीकरण गर्न सावधानी अपनाउन आग्रह गरेको हो । भण्डारण गरिएका खाद्य वस्तुको नियमित अनुगमन गर्न तथा बालीलाई खेतमा नछाड्न किसानलाई सूचित गरेको विभागले आगामी साता मध्याह्नपछि हावाहुरी, चट्याङ तथा असिना पर्ने सिजन भएकाले टिपेर बजार लैजानुपर्ने फलफूल एवं तरकारी बालीहरू बिहान शीत ओभाएपछि टिप्न भनेको छ ।




किसानलाई कृषि उत्पादनमा प्राविधिक सुझाव, उत्पादन वृद्धि, बाली संरक्षण, बजारीकरण आवश्यक सल्लाह उपलब्ध गराएर सम्भावित जोखिमबाट संरक्षण तथा क्षति न्यूनीकरण गर्न विभागले काम गर्दै आएको महानिर्देशक प्रकाशकुमार सञ्जेलले जानकारी दिए । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि सूचना केन्द्रले मौसमअनुसार हावापानी, प्रकोप तथा प्राविधिक सल्लाह किसानलाई सूचनामार्फत उपलब्ध गराउँदै आएको छ ।

केन्द्रका अधिकृत सन्जीव पण्डितले भण्डारणमा कीराबाट जोगाउन भकारीको माथिल्लो भागमा चार-पाँच इन्च जति छहारीमा सुकाएको सुकिलो नीम, बकाइनो र तितेपातीजस्ता बोटबिरुवाको पात प्रयोग गर्न सुझाव दिए ।

केन्द्रले आलुको पुतली (जोताहा कीरा) ले सामान्यतया भण्डारणमा असर गर्ने भएकाले आलु खन्ने समयमा लामो समयसम्म खेतबारीमा थुपारेर राख्दा उक्त थुप्रोमा पुतलीले फुल पार्ने नोक्सान गर्ने जनाएको छ । केन्द्रले आलु खन्ने समयमा ध्यान पुऱ्याउन तथा सुरक्षित भण्डारण गरेर क्षति न्यूनीकरण गर्न सुझाव दिएको छ ।

# वीरगञ्ज भन्सारबाट एक खर्ब ९९ अर्ब ४० करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षका १० महिनामा रु एक खर्ब ९९ अर्ब ४० करोड राजस्व संकलन गरेको छ ।

भन्सार विभागले यस अवधिमा कार्यालयलाई रु दुई खर्ब २३ अर्ब १८ करोड राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरे पनि लक्ष्यको ८९ दशमलव ३५ प्रतिशत राजस्व संकलन गरिएको हो ।

भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा राजस्व संकलन सन्तोषजनक रहेको बताए । उनका अनुसार यहाँ राजस्वको मुख्य स्रोतका रूपमा पेट्रोलियम पदार्थको आयात, सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात रहेका छन् ।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो । चालु आवको दुई महिना अझै बाँकी रहेकाले थप राजस्व संकलन हुने कार्यालयको अपेक्षा छ ।

कार्यालयले चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड, मङ्सिरमा रु २० अर्ब ८० करोड राजस्व संकलन गरेको थियो ।

यसैगरी, पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुनमा रु १९ अर्ब ३४ करोड र चैतमा रु २२ अर्ब ८२ करोड राजस्व संकलन गरेको छ । यस्तै, वैशाखमा रु २१ अर्ब ७४ करोड राजस्व संकलन गरिएको सूचना अधिकारी विष्टले बताए ।

# 'जलविद्युत् राजधानी'को पहिचान बनाउँदै रसुवा

■ ज्ञानेन्द्र न्यौपाने

**रसुवा–** रसुवामा नौ वटा राष्ट्रिय गौरवका जलविद्युत् योजनाले उत्पादन दिन थालेका छन् । यी आयोजनाको उत्पादनसँगै यहाँ समग्र उत्पादन क्षमता तीन ६५ मेगावाट पुगेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । नेपालको जलस्रोत विकास इतिहासमा पहिलोपटक यहाँ २० मेगावाट क्षमताको चिलिमे जलविद्युत् केन्द्र भूमिगत संरचनाबाट निर्माण गरिएको थियो । उक्त आयोजनाबाट प्राप्त अनुभव र प्रविधिलाई आधार मानेर पछिल्ला आयोजनासमेत आधुनिक तथा सुरक्षित ढाँचामा निर्माण हुँदै आएका छन् ।

रसुवामा उत्पादन चरणअन्तर्गत अगाडि बढिसकेका ती आयोजनामा २० मेगावाट चिलिमे जलविद्युत् केन्द्र, पाँच मेगावाट तल्लो मैलुङ खोला, ६० मेगावाट माथिल्लो त्रिसूली–३ए, १४ दशमलव आठ मेगावाट माथिल्लो साङ्जेन ४२ दशमलव पाँच मेगावाट तल्लो साङ्जेन, एक सय ११ मेगावाट रसुवागढी, १४ दशमलव तीन मेगावाट अपर मैलुङ, ७८ मेगावाट साङ्जेन खोला रहेका छन् भने २० मेगावाट लाङ्टाङ जलविद्युत् आयोजना उत्पादन परीक्षण चरणमा रहेको छ । यी आयोजनाबाट हाल कुल तीन सय ६५ मेगावाट विद्युत् उत्पादन क्षमता स्थापित भइसकेको छ ।

## सुक्खायामले उत्पादनमा असर

हिउँदको सुक्खा मौसमका कारण हिमाली क्षेत्रका खोलाहरूमा जल प्रवाह घट्दा विद्युत् उत्पादनमा कमी आएको छ । नेपाल विद्युत् प्राधिकरण विद्युत् व्यापार विभागका निर्देशक थर्कबहादुर थापाका अनुसार हाल दैनिक करिब एक लाख २० हजार युनिट मात्र उत्पादन भइरहेको छ ।

हिमाली क्षेत्रमा तापक्रम क्रमशः बढ्दै हिमपग्लन सुरु भएको तथा मनसुन नजिकिएकाले आगामी दिनमा लक्ष्यअनुसार उत्पादन वृद्धि हुने अपेक्षा गरिएको उनले बताए । प्राधिकरणले सुक्खायाममा उत्पादक कम्पनीहरूलाई प्रतियुनिट आठ रूपैयाँ ४० पैसाका दरले मासिक करिब रु दुई करोड ४१ लाख भुक्तानी गर्दै आएको जनाएको छ ।

## भूमिगत संरचनाको नमूना जिल्ला

चिलिमे जलविद्युत् आयोजनाबाट सिकिएको सीप प्रयोग गर्दै रसुवागढी आयोजनामा ड्यामबाहेक अधिकांश संरचना भूमिगत रूपमा निर्माण गरिएका छन् । यद्यपि, गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले ड्याममा क्षति पुऱ्याएपछि पुनःनिर्माणका लागि विद्युत् सटडाउन अनुमति दिइएको छ । यस्तै, साङ्जेन जलविद्युत् कम्पनीले निर्माण गरेका दुई आयोजना अर्ध-भूमिगतबाट निर्माण



गरिएको प्राविधिकहरूले बताएका छन् ।

## निर्माणाधीन आयोजना

रसुवामा हाल तीन ठूला आयोजना निर्माण चरणमा रहेका छन् । यी आयोजनाबाट थप ३५६ मेगावाट विद्युत् उत्पादन हुने तयारी छ । आयोजना सम्पन्न भएपछि रसुवाले मात्रै सात सय एक मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा पठाउन सक्ने रसुवागढी जलविद्युत् आयोजनाका पूर्वकार्यकारी निर्देशक माधवप्रसाद कोइरालाको भनाइ छ ।

निर्माणको अन्तिम चरणमा रहेका आयोजनामा दुई सय १६ मेगावाटको अपर त्रिसूलीवान, ६० मेगावाटको फलाखु खोला, एक सय २० मेगावाटको भोटेकोशी रहेका छन् । यी आयोजनाको निर्माण प्रगति ५० प्रतिशतभन्दा माथि पुगेको प्राधिकरणले जनाएको छ ।

## सडक निर्माणसँगै जलस्रोत विकास

भौगोलिक रूपमा विकट यस जिल्लामा जलविद्युत् विकासको आधारका रूपमा सडक निर्माणलाई लिइएको छ । तत्कालीन राष्ट्रिय पञ्चायत उपाध्यक्ष दावाफिन्जो तामाङको पहलमा राजा वीरेन्द्रको पहलमा नेपाली सेनाले यहाँ सडक निर्माण गरेको थियो । नुवाकोटको ढुंगेदेखि सोम्दाङ-सिसाजस्ता खानी क्षेत्र लक्षित गरी जोडिएको सडक प्रयोग गरी जलस्रोत अध्ययन र आयोजना निर्माण सम्भव भएको जिल्ला विकास समितिका तत्कालीन सभापति मिलन तामाङले बताए ।

## जलविद्युत्‌ले ल्यायो सामाजिक रूपान्तरण

पहिलो चिलिमे आयोजना सञ्चालनपछि स्थानीयस्तरमा रोजगारी वृद्धि, पूर्वाधार विकास र नागरिकलाई सेयर वितरणले जिल्लामा आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान पुगेको छ । यहाँ चिलिमे, रसुवागढी र साङ्जेन आयोजनाले स्थानीयलाई सेयर उपलब्ध गराएका छन् ।

यसरी सेयर पाउनुका साथै स्थानीयस्तरमा अन्य आर्थिक गतिविधि बढ्दा स्थानीय नागरिक लाभान्वित हुन थालेका जिल्ला विकास समितिका तत्कालीन सभापति तामाङको भनाइ छ । 'यहाँको जलविद्युत्‌ले राष्ट्रिय रूपमा मात्र योगदान गरिरहेको छैन, स्थानीय नागरिकको जीवनस्तरमा पनि प्रभाव पारिरहेको छ । यस कार्यले आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ', उनले भने ।

## राष्ट्रिय गौरव र 'लोडसेडिङ' अन्त्यको आधार

एक समय दैनिक लोडसेडिङको समस्याबाट गुज्रिएको नेपाल अहिले विद्युत् निर्यात गर्ने अवस्थामा पुग्नुमा रसुवाका जलविद्युत् आयोजनाहरूको ठूलो योगदान रहेको छ । यहाँको कठिन भूगोल, मौसम र जोखिमका बाबजुद निरन्तर खटिएका जलस्रोत प्राविधिक, इञ्जिनियर तथा श्रमिकहरूको मेहिनतले देशको ऊर्जा आत्मनिर्भरता सम्भव भएको रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङ बताउँछन् । *रासस*

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल **फोन नं.**: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ